प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

# उद्योग, वाणिज्य तथा आपूर्ति कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८३

मितिः २०८३।०६।०६ को उद्योग, कृषि तथा सहकारी मन्त्रालय (माननीय मन्त्रीस्तर) को निर्णयानुसार स्वीकृत

कोशी प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय,

विराटनगर।

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

## विषयसूची

परिच्छेद-एक प्रारम्भिक ........ 1

१.१ पृष्ठभूमिः ........ 1

१.२ परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा प्रयोग भएका शब्दहरूलाई देहाय बमोजिम परिभाषित गरिएको छ। ........ 1

१.३ कार्यक्रम सञ्चालनको आधारः मन्त्रालय वा कार्यालयले बिनियोजित बजेट खर्च शीर्षकबाट खर्च गर्दा र कार्यक्रम/क्रियाकलाप सञ्चालन गर्दा देहायका विषयमा ध्यान दिनुपर्ने पर्नेछः ........ 1

२.१ महिला उद्यमीहरुद्वारा सञ्चालित कृषि तथा वनजन्यसँग सम्बन्धित उद्योगका लागि प्रविधि हस्तान्तरण कार्यक्रमः ........ 4

२.२ जिल्ला उद्योग प्रवर्द्धन समन्वय समितिको बैठक सञ्चालनः ........ 4

२.३ स्टार्टअपलाई बीउपूँजी परिचालन कार्यक्रमः ........ 4

२.४ लघु, घरेलु तथा साना उद्यमी सम्वद्ध मेला महोत्सव सञ्चालन सहयोग\स्टल खरिद कार्यक्रमः ........ 4

२.५ एक स्थानीय तह एक विशिष्ट उद्यम प्रवर्द्धन कार्यक्रम ........ 5

२.६ उद्योग वाणिज्य सम्वद्ध बोर्ड/मञ्च/समिति लगायतको कार्यक्रम सञ्चालनः ........ 6

२.७ उद्यमी र उद्योग व्यवसायको स्तरीकरणमा सहयोग कार्यक्रमः ........ 6

२.८ उद्योगहरूको वातावरण व्यवस्थापन सम्बन्धी अनुगमन, प्रतिवेदन तथा बैठक सञ्चालन ........ 6

२.९ उद्योग वाणिज्य क्षेत्रसँग सम्बन्धित सरोकारवालासँग अन्तरक्रिया कार्यक्रमः ........ 7

२.१० उद्योगको उत्पादनको बजारीकरणमा सहयोग कार्यक्रमः ........ 7

२.११ महिला उद्यम सम्बद्ध निजी क्षेत्रका समितिहरुको क्षमता अभिबृद्धि तालिम कार्यक्रमः ........ 8

२.१२ उद्योग वाणिज्य दर्ता तथा नियमन सम्बन्धी अभिमुखीकरण कार्यक्रम ........ 8

२.१३ नवप्रवर्तनकारी अनुसन्धान सहयोग कार्यक्रमः ........ 9

२.१४ धनकुटा औद्योगिक ग्रामका उद्यमीहरूलाई बीउपूँजी परिचालनः ........ 9

२.१५ उद्योग वाणिज्य सम्बन्धी घुम्ती सेवा कार्यक्रमः ........ 10

२.१६ कार्यविधि निर्माण (नीति, कानून, मार्गदर्शन, कार्यविधि, निर्देशिका) ........ 10

२.१७ त्रैमासिक प्रगति समिक्षा तथा योजना तर्जुमा गोष्ठी ........ 11

२.१८ उद्योग वाणिज्य प्रशासन सम्बन्धी अन्तर प्रदेश असल अभ्यास आदान प्रदान कार्यक्रम ........ 12

२.१९ अल्लो उद्योग प्रवर्द्धन ........ 13

२.२० सखर उद्योग प्रवर्द्धन कार्यक्रमः ........ 13

२.२१ बाँसजन्य उद्योग प्रवर्द्धन कार्यक्रमः ........ 14

२.२२ उद्योग दिवस मनाउने ........ 15

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

२.२३ उपभोक्ता अधिकार दिवस मनाउने ....................16
२.२४ उपभोक्ता अधिकार संरक्षण सम्बन्धी सचेतना कार्यक्रमः ....................16
२.२५ उपभोक्ता अधिकार सम्बन्धी विद्यालय सचेतना कार्यक्रमः ....................17
२.२६ आमसञ्चार माध्यमबाट सूचना तथा जानकारी प्रवाहः ....................17
२.२७ बजार अनुगमन र नियमन....................18
२.२८ उद्योग बाणिज्य अनुगमन....................18
२.२९ उद्यम तथा सीप विकास सम्बन्धी पुस्तिका/ब्रोसर प्रकाशन....................19
२.३० उपभोक्ता अधिकार संरक्षणसँग सम्बन्धित जनचेतना सामग्री प्रकाशन....................19
२.३१ उद्यमशीलता विकास तालिम ....................20
२.३२ उद्यम विकास तथा रोजगार तालिम ....................20
२.३३ युवा उद्यमशीलता तथा औद्योगिक जनशक्ति विकास तालिम....................20
२.३४ उद्यम प्रवर्द्धन तालिम ....................21
२.३५ महिला वर्गका लागि उद्यमशिलता विकास कार्यक्रम ....................21
२.३६ दलित समुदायमा उद्यम प्रवर्द्धन कार्यक्रम ....................21
२.३७ युवा उद्यमशिलता तथा औधोगिक जनशक्ति विकास तालिम....................22
२.३८ जुट जन्य उद्यम कार्यक्रम ....................22
२.३९ लघु, घरेलु साना तथा मझौला उद्योगको प्रवर्द्धन तथा उत्पादित वस्तु तथा सेवाको ब्राण्डिङ....................23
२.४० क्षेत्र विशेष उद्यम प्रर्वद्धन ....................23
२.४१ कर्मचारी क्षमता अभिबृद्धि तालिम....................24
२.४२ मसलाजन्य उद्योग प्रवर्द्धन कार्यक्रम (अलैची,अकवरे,अदुवा,वेसार) ....................24
२.४३ उद्यम विकास तथा रोजगार स्थापना कार्यक्रम ....................25
२.४४ एक जिल्ला एक उत्पादन कार्यक्रम ....................25
२.४५ ढाका उद्योग प्रवर्द्धन ....................26
२.४६ महिला उद्यमी व्यवसाय प्रवर्द्धन कार्यक्रम....................26
२.४७ परम्परागत उद्यम प्रवर्द्धन तालिम ....................26
२.४८ स्थापन्न उद्यमीहरूका लागि स्तरोन्नति तालिम ....................27
२.४९ भिन्न क्षमता भएका व्यक्तिहरूका लागि सीप विकास तालिम ....................27
२.५० ग्राफिक डिजाइन तालिम ....................27

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल


२.५१ औद्योगिक वौद्धिक सम्पत्ति प्रवर्द्धन तालिम ....28
२.५२ ICAS सँग सम्बन्धित अभिमुखीकरण तथा पुनर्ताजगी तालिम ....28
२.५३ मागमा आधारित कर्मचारी तालिम ....29
२.५४ स्थानीय तहमा कार्यरत उद्योग प्रशासनसँग सम्बद्ध कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिमः ....29
२.५५ ICAS सफ्टवेयर संचालन खर्च ....30
२.५६ ICAS मा Document अद्यावधिक कार्यक्रम ....30
२.५७ पदमार्ग प्रभावक्षेत्र लक्षित पशुपन्छी उत्पादन कार्यक्रमः ....31
२.५८ स्वास्थ्यलाई हानी पुर्याउने प्लास्टिकजन्य वस्तुको न्यूनिकरण सचेतना कार्यक्रमः ....31
२.५९ उद्योगको स्कीम अध्ययन र उद्योग वाणिज्य प्रशासन तालिमः ....31
२.६० निजी क्षेत्रसँग Koshi Provincial Business Summit मा सहयोग कार्यक्रमः ....32
२.६१ निजी क्षेत्रको सहयोगमा Business Incubation Center स्थापना र सञ्चालन कार्यक्रमः ....32
२.६२ निजी क्षेत्रको साझेदारीमा उद्योग वाणिज्य तालिम सम्बद्ध द्रुत बजार सर्वेक्षण (Rapid Market Appraisal) ....33
२.६३ सीप विकास तालिम ....33
२.६४ उद्योगहरुको तथ्याँक संकलन, प्रशोधन र प्रकाशन ....33
परिच्छेद - तीन प्रगति प्रतिवेदन ....35
३.१ प्रतिवेदन प्रणाली ....35
३.२ प्रतिवेदनको ढाँचा ....35
अनुसूची – १ लघु, घरेलु तथा साना उद्यमी सम्वद्ध मेला महोत्सव सञ्चालन सहयोग मापदण्ड ....38
अनुसूची-२ ....42
एक स्थानीय तह एक विशिष्ट उद्यम कार्यक्रम सञ्चालन मापदण्ड ....42
अनुसूची- ३ ....43
तालिम कार्यक्रम सञ्चालन मापदण्ड ....43

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

## परिच्छेद-एक
## प्रारम्भिक

१.१ पृष्ठभूमिः

कोशी प्रदेशको उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षणसँग सम्बन्धित बजेट र वार्षिक कार्यक्रमको कार्यान्वयनमा एकरूपता, मितव्ययिता र प्रभावकारिता ल्याउन कार्यक्रम सञ्चालन गर्ने निकाय, लाभग्राही लगायत सबै सरोकारवाला निकायको कार्यमा सहजताका लागि उद्योग, कृषि तथा सहकारी मन्त्रालयले यो मार्गदर्शन जारी गरेको छ।

१.२ परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा प्रयोग भएका शब्दहरूलाई देहाय बमोजिम परिभाषित गरिएको छ।

क) "मन्त्रालय" भन्नाले उद्योग, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्नेछ।

ख) "कार्यालय" भन्नाले जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय सम्झनु पर्नेछ।

ग) "मार्गदर्शन" भन्नाले उद्योग, वाणिज्य आपूर्ति कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८३ सम्झनु पर्नेछ।

१.३ कार्यक्रम सञ्चालनको आधारः मन्त्रालय वा कार्यालयले बिनियोजित बजेट खर्च शीर्षकबाट खर्च गर्दा र कार्यक्रम/क्रियाकलाप सञ्चालन गर्दा देहायका विषयमा ध्यान दिनुपर्ने पर्नेछः

१. कार्यक्रमको तयारी, सञ्चालन तथा कार्यान्वयन गर्दा मुख्यतयाः निम्न कानुनी एवं नीतिगत दस्तावेजहरुलाई आधार मानेर गर्नु पर्नेछः

- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४
- कोशी प्रदेश विनियोजन ऐन, २०८३
- प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७
- कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ तथा नियमावली, २०७९
- भ्रमण खर्च नियमावली, २०६४
- प्रदेश निजामती सेवा ऐन, २०७९ (संशोधन सहित)
- कोशी प्रदेश, आ.व. २०८३/०८४ को बजेट
- उद्योग, वाणिज्य तथा आपूर्ति कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन, २०८३
- सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९
- प्रविधि (मेशिन तथा औजार) सहयोग कार्यविधि, २०८०
- सरकारी सम्पति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०७९
- मन्त्रालयबाट स्वीकृत आन्तरिक नियन्त्रण कार्यप्रणाली निर्देशिका, २०८३
- अन्य प्रचलित कानून तथा नियमहरु (नयाँ निर्माण भए सो समेत)

२. कार्यालयले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक १० करोड रुपैयाँ भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गरेर मात्र खरिद प्रक्रिया अगाडी बढाउने।

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

३. कार्यालयले वार्षिक १० लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना एवं बजेट कार्यान्वयन कार्ययोजना तयार गरेर मात्र खरिद प्रक्रिया अगाडी बढाउने।

४. कार्यक्रम सञ्चालन गर्नपूर्व कार्यक्रम आवश्यकता, सञ्चालन प्रक्रिया, अनुमानित खर्च, सहभागी तथा स्रोत व्यक्ति, सहजकर्ता विवरण, कार्यक्रम सञ्चालन हुने स्थान, मिति, खरिद गर्नुपर्ने सामाग्रीको विवरण तथा खर्च रकम समेत बाँडफाँड गरी नियमानुसार स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

५. कार्यालयको मालसामान तथा वस्तु खरिद गर्दा सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोग सम्बन्धी निर्देशिका, २०८१ बमोजिम गर्ने व्यवस्था मिलाउने।

६. प्रत्येक कार्यालयले आफ्नो कार्यालयको सवारी साधनहरु, जडान भएको विद्युत, खानेपानी प्रबन्ध, टेलिफोन, ईमेल, ईन्टरनेट, वेबसाईट आदिको एकिन गरी बिद्युत महशुल, धाराको पानीको महशुल, टेलीफोन, ईमेल, ईन्टरनेट, वेबसाईट महसुल, गाडी तथा दुई पाङ्ग्रे सवारी साधनको बीमा तथा नवीकरण समयमै गर्ने, समयमै महशुल नतिरेको कारणले जरिवाना दस्तुर तिर्नुपर्ने भएमा कार्यालय प्रमुख स्वयम् जिम्मेवार हुनु पर्नेछ।

७. पानी, बिजुली, सञ्चार महशुल, घरभाडा, ईन्धन, मर्मत खर्च, मसलन्द तथा कार्यालय सामाग्रि खर्च, भत्ता, तालिम, गोष्ठी, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम मितव्ययिता अपनाई खर्च गर्नुपर्नेछ।

८. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तरकृया जस्ता कार्यक्रम सञ्चालन गर्दा सम्भव भएसम्म सरकारी निकाय कै सभाहल प्रयोग गर्ने। सरकारी निकायको सभाहल उपलब्ध हुन नसक्ने वा उपयुक्त नहुने अवस्थामा अधिकतम मितव्ययिता अपनाई कार्यक्रम आयोजना गर्ने।

९. कार्यालयको लागि नयाँ ल्यापटप, कम्प्युटर, स्क्यानर लगायतका अन्य मेशिनरी तथा औजार, फर्निचर तथा फर्निसिङ्ग खरिद गर्दा आवश्यकता यकिन गरेर मात्र खरिद गर्ने। कार्यालयमा पहिले देखि रहेका ल्यापटप, कम्प्युटर, स्क्यानर, फर्निचर तथा फर्निसिङबाट नै काम चल्न सक्ने अवस्था भए नयाँ खरिद नगर्ने। मर्मत गरेर सञ्चालनमा आउन सक्ने अवस्था रहेका मेशिनरी औजार तथा उपकरण एवं फर्निचर तथा फर्निसिङको तत्काल मर्मत गरेर प्रयोगमा ल्याउने। मर्मत सुधार गर्दा समेत सञ्चालनमा नआउने ल्यापटप, कम्प्युटर, स्क्यानर, फर्निचर लगायतका सामाग्रीहरु अनिवार्य रूपमा लिलाम बिक्री गर्ने।

१०. यस मार्गदर्शनमा उल्लेखित व्यवस्थाहरुलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने दायित्व कार्यालय प्रमुखको हुनेछ। समन्वयकारी भूमीका प्रशासन शाखा प्रमुख, आर्थिक प्रमुख, जिन्सी शाखा प्रमुख लगायतको हुनेछ।

११. तालिम सञ्चालन गर्दा प्रयोग भएका मेशिनरी तथा कच्चा पदार्थ तालिम अवधि समाप्त भए पछि प्रविधि(मेशिन तथा औजार) सहयोग कार्यविधि, २०८० बमोजिम तालिममा सहभागिलाई कार्यविधिले तोकेको हिस्सा साझेदारी गर्नेलाई हस्तान्तरण गर्न सकिनेछ।

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

१२. सञ्चालन गरेको प्रत्येक कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति सहितको विवरण त्रैमासिक रूपमा मन्त्रालयमा पेश गर्नुपर्नेछ।

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

## परिच्छेद-दुई

## कार्यक्रम सञ्चालन प्रक्रिया

(क) कार्यक्रम खर्च

२.१ महिला उद्यमीहरुद्वारा सञ्चालित कृषि तथा वनजन्यसँग सम्बन्धित उद्योगका लागि प्रविधि हस्तान्तरण कार्यक्रमः

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.७.२५.९८ |
| उद्देश्य | महिला उद्यमीलाई उद्यम सञ्चालनका लागि आवश्यक प्रविधि सहयोग गर्ने । |
| सञ्चालन प्रक्रिया | प्रविधि (मेशिन तथा औजार) सहयोग कार्यविधि,२०८० बमोजिमको प्रक्रिया अपनाउने। |
| अपेक्षित उपलब्धि | महिला उद्यमीलाई उद्यम सञ्चालनका लागि आवश्यक मेशिन तथा औजार उपलब्ध भई उद्योगको क्षमता विस्तार भएको हुने। |
| सञ्चालनगर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय। |

२.२ जिल्ला उद्योग प्रवर्द्धन समन्वय समितिको बैठक सञ्चालनः

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.१० |
| उद्देश्य | जिल्लास्तरमा लगानी प्रबर्द्धन र औद्योगिक विकासको लागि सहजीकरण, समिक्षा तथा समन्वय गर्ने। |
| सञ्चालन प्रक्रिया | यस शीर्षक अन्तर्गत खर्च गर्दा सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ बमोजिम गर्नु पर्नेछ । |
| अपेक्षित उपलब्धि | जिल्लास्तरमा लगानी प्रबर्द्धन, लगानीको संरक्षण र औद्योगिक कानुनमा रहेका बाधा, द्विविधाहरुको समाधानमा लागि सहजीकरण, सिफारिस र आवश्यक पहल भएको हुने । |
| सञ्चालनगर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय |

२.३ स्टार्टअपलाई बीउपूँजी परिचालन कार्यक्रमः

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.११० |
| उद्देश्य | स्टार्टअप उद्यमको सहज स्थापनाका लागि उद्यमीहरूलाई बीउ पुँजी उपलब्ध गराउने। |
| सञ्चालन प्रक्रिया | स्टार्टअप उद्यमसँग सम्बन्धित कार्यविधिले तोकेको प्रक्रिया पूरा गर्ने। |
| अपेक्षित उपलब्धि | स्टार्टअप उद्यमले बीउ पुँजी प्राप्त गरी उद्यम सञ्चालनमा सहयोग पुगेको हुने। |
| सञ्चालनगर्ने निकाय | मन्त्रालयको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने महाशाखा। |

२.४ लघु, घरेलु तथा साना उद्यमी सम्वद्ध मेला महोत्सव सञ्चालन सहयोग\स्टल खरिद कार्यक्रमः

| शीर्षक | विवरण |
|---|---|

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

| | |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.११२ |
| उद्देश्य | प्रदेश भित्र रहेका लघु, घरेलु तथा साना उद्यमी सम्वद्ध भएको संघ/संस्थाद्वारा सञ्चालित मेला महोत्सवमा स्टल खरिद सहयोग गर्ने। |
| सञ्चालन प्रक्रिया | • यो कार्यक्रम सञ्चालन गर्दा मन्त्रालय/कार्यालयले सार्वजनिक सूचना जारी गरी लघु, घरेलु तथा साना उद्योग सम्वद्ध संघसंस्थाबाट मेला सञ्चालनका लागि प्रस्ताव (Proposal) माग गर्नेछ ।<br>• मन्त्रालय/कार्यालयले प्रस्तावहरुको अध्ययन गरी अनुसूची-१ को मापदण्ड अनुरूप छनौट गर्नेछ ।<br>• मन्त्रालय /कार्यालयले त्यस्तो संघसंस्थाहरुलाई रकम उपलब्ध गराउँदा अनुसूची १ को मापदण्ड बमोजिम सहयोग उपलब्ध गराउनेछ । |
| अपेक्षित उपलब्धि | प्रदेश भित्र उत्पादित वस्तुहरूको प्रचार प्रसार भई उत्पादनहरुको व्यवसायीकरण एवं बजारीकरण हुने र प्रत्यक्षरूपमा स्थानीय रोजगारिको सृजना हुने। |
| सञ्चालन गर्ने निकाय | मन्त्रालयको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने महाशाखा र घरेलु तथा साना उद्योग कार्यालय |

२.५ एक स्थानीय तह एक विशिष्ट उद्यम प्रवर्द्धन कार्यक्रम

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.१५७ |
| उद्देश्य | जिल्ला भित्रका स्थानीय तहमा सञ्चालित उद्यममध्ये विशिष्ट उद्यमको छनौट गरी पुरस्कृत गर्ने। |
| सञ्चालन प्रक्रिया | • घरेलु तथा साना उद्योग कार्यालय मार्फत आवेदन आव्हान गर्ने।<br>• कार्यालयले अनुसूची २ बमोजिमको मापदण्ड भित्र पर्ने कम्तिमा तीन वटा उद्यमहरूको छोटो सूची तयार गर्ने।<br>• प्रत्येक स्थानीय तहबाट एउटा विशिष्ट उद्यम छनौट गर्ने।<br>• छनौट भएको विशिष्ट उद्यमलाई कदरपत्र र रू २५०००। (कर सहित) नगद पुरस्कार सहित पुरस्कृत गर्ने।<br>• बजेट अपुग भएमा कार्यक्रम सञ्चालन खर्च अन्य मिल्दो खर्च शीर्षकबाट समेत खर्च गर्न सकिनेछ ।<br>माथिका कार्य सम्पन्न गर्न कार्यालयले आवश्यक निर्णय गरी एक मूल्याङ्कन समिति गठन गरी छनौट गर्नु पर्नेछ। मूल्याङ्कनका क्रममा आवश्यक भ्रमण खर्च, पुरस्कार वितरण कार्यक्रममा हुने खर्च लगायतका प्रशासनिक खर्चहरू यो क्रियाकलापबाट बेहोरिनेछ। |
| अपेक्षित उपलब्धि | प्रदेशको प्रत्येक स्थानीय तहमा एक विशिष्ट उद्यम पहिचान भएको हुने। |
| सञ्चालनगर्ने निकाय | सम्बन्धित जिल्ला स्थित कार्यालय। |

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

२.६ उद्योग वाणिज्य सम्वद्ध बोर्ड/मञ्च/समिति लगायतको कार्यक्रम सञ्चालनः

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.११५ |
| उद्देश्य | मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित नियम कानून कार्यान्वयनका सिलसिलामा गठन भएका प्रदेश उद्योग तथा लगानी प्रवर्द्धन बोर्ड, प्रदेश औद्योगिक व्यावसाय मञ्च लगायत विभिन्न समितिहरूको कार्यक्रम सञ्चालन गर्ने। |
| सञ्चालन प्रक्रिया | सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ बमोजिम आवश्यक खर्च गर्ने । |
| अपेक्षित उपलब्धि | मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित नीति, ऐन, कानून कार्यान्वयनका सिलसिलामा गठन भएका समितिहरूको कार्यक्रम सम्पन्न भएको हुने । |
| सञ्चालन गर्ने निकाय | मन्त्रालयको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने महाशाखा |

२.७ उद्यमी र उद्योग व्यवसायको स्तरीकरणमा सहयोग कार्यक्रमः

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.११६ |
| उद्देश्य | उद्यमी र उद्योग व्यवसायको आवश्यकता अनुसार विभिन्न निकायबाट हुने स्तरीकरणमा सहयोग गर्ने। |
| सञ्चालन प्रक्रिया | उद्यमी वा उद्योग व्यवसायको माग बमोजिम सम्बन्धित निकायसँग समन्वय गरी स्तरीकरणका लागि आवश्यक सम्झौता गरी यो कार्यक्रम सञ्चालन गरिनेछ।<br>स्तरीकरण कार्यक्रम सञ्चालन गर्दा हुने भ्रमण खर्च, बैठक भत्ता, परामर्श लगायतका कार्यमा यो क्रियाकलापबाट खर्च गरिनेछ । |
| अपेक्षित उपलब्धि | उद्यमी र उद्योग व्यवसायको आवश्यकता बमोजिमको स्तरीकरण भएको हुने। |
| सञ्चालन गर्ने निकाय | मन्त्रालयको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने महाशाखा |

२.८ उद्योगहरूको वातावरण व्यवस्थापन सम्बन्धी अनुगमन, प्रतिवेदन तथा बैठक सञ्चालन

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.११७ |
| उद्देश्य | उद्योगको वातावरण व्यवस्थापन सम्बन्धी अनुगमन, प्रतिवेदन तथा बैठक सञ्चालन गर्ने। |
| सञ्चालन प्रक्रिया | • मन्त्रालयको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण सिफारिस समितिको बैठक सञ्चालन गर्ने। |

राम प्रसाद महतो
मन्त्री

| | |
|---|---|
| | • उद्योगहरूको वातावरण व्यवस्थापन सम्बन्धी अनुगमन, अध्ययन प्रतिवेदनको सन्दर्भमा गरिने भ्रमण, जनचेतना गोष्ठी लगायतमा यस क्रियाकलापबाट खर्च गरिनेछ। |
| अपेक्षित उपलब्धि | वातावरण व्यवस्थापन सम्बन्धी कार्य प्रभावकारी रूपमा सम्पन्न भएको हुने। |
| सञ्चालनगर्ने निकाय | मन्त्रालयको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने महाशाखा |

२.९ उद्योग वाणिज्य क्षेत्रसँग सम्बन्धित सरोकारवालासँग अन्तरक्रिया कार्यक्रमः

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.१६२/२.५.११.१२ |
| उद्देश्य | प्रदेशमा उद्योग विकास, औद्योगिकीकरण, औद्योगिक लगानी, औद्योगिक रोजगारी सृजना र निर्यात प्रबर्द्धनका लागि आवश्यक सहजीकरण, नीतिगत पृष्ठपोषण, सुझाव आदान प्रदान गर्नु। |
| सञ्चालन प्रक्रिया | • प्रदेशमा उद्योगको विकास, औद्योगिकिकरण, औद्योगिक लगानी,औद्योगिक रोजगारी सृजना,उद्योग व्यवसाय र उद्यम प्रबर्द्धनसँग सम्बन्धित रहेर काम गर्ने उद्योगी, व्यावसायी, रोजगारदाता, यस क्षेत्रमा कार्यरत संघ, संस्था, गै.स.स., निजी क्षेत्र समेतको सहभागिता हुने गरी बाह्य तथा आन्तरिक श्रोत व्यक्तिको सहजीकरणमा एक दिने अन्तर्क्रिया कार्यक्रम आयोजना गरिनेछ।<br>• यसरी आयोजना गरिने अन्तर्क्रिया कार्यक्रमको समग्र व्यवस्थापनका लागि भ्रमण भत्ता, मसलन्द, खाजा खर्च, छलफल, कार्यपत्र प्रस्तुतीकरण लगायतको खर्च यस शीर्षकबाट गर्न सकिनेछ ।<br>• यस शीर्षक अन्तर्गत खर्च गर्दा सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ बमोजिम गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धि | प्रदेशमा औद्योगिक लगानी,औद्योगिक रोजगारी सृजना,निर्यात प्रबर्द्धनलगायतका सम्बन्धमा आवश्यक सहजिकरण, नीतिगत पृष्ठपोषण, सुझाव आदान प्रदान भई उद्योग तथा वाणिज्य क्षेत्रको समस्या समाधानमा सहयोग पुगेको हुने । |
| सञ्चालन गर्ने निकाय | मन्त्रालय /घरेलु तथा साना उद्योग कार्यालय। |

२.१० उद्योगको उत्पादनको बजारीकरणमा सहयोग कार्यक्रमः

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.१६९ |
| उद्देश्य | प्रदेशमा उद्योग विकास, औद्योगिकीकरण, औद्योगिक लगानी, औद्योगिक रोजगारी सृजना र निर्यात प्रबर्द्धनका लागि आवश्यक सहजीकरण, नीतिगत पृष्ठपोषण, सुझाव आदान प्रदान गर्नु। |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | • प्रदेशमा उद्योगको विकास, औद्योगिकिकरण, औद्योगिक लगानी,औद्योगिक रोजगारी सृजना,उद्योग व्यवसाय र उद्यम प्रबर्द्धनसँग सम्बन्धित रहेर काम गर्ने उद्योगी, व्यावसायी, रोजगारदाता, यस क्षेत्रमा कार्यरत संघ, संस्था, गै.स.स., निजी क्षेत्र समेतको सहभागिता हुने गरी बाह्य तथा आन्तरिक श्रोत व्यक्तिको सहजीकरणमा एक दिने अन्तर्क्रिया कार्यक्रम आयोजना गरिनेछ।<br>• यसरी आयोजना गरिने अन्तर्क्रिया कार्यक्रमको समग्र व्यवस्थापनका लागि भ्रमण भत्ता, मसलन्द, खाजा खर्च, छलफल, कार्यपत्र प्रस्तुतीकरण लगायतको खर्च यस शीर्षकबाट गर्न सकिनेछ ।<br>• यस शीर्षक अन्तर्गत खर्च गर्दा सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ बमोजिम गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धि | प्रदेशमा औद्योगिक लगानी,औद्योगिक रोजगारी सृजना, निर्यात प्रबर्द्धन लगायतका सम्बन्धमा आवश्यक सहजिकरण, नीतिगत पृष्ठपोषण, सुझाव आदान प्रदान भई उद्योग तथा वाणिज्य क्षेत्रको समस्या समाधानमा सहयोग पुगेको हुने । |
| सञ्चालन गर्ने निकाय | मन्त्रालय /घरेलु तथा साना उद्योग कार्यालय। |

२.११ महिला उद्यम सम्बद्ध निजी क्षेत्रका समितिहरुको क्षमता अभिबृद्धि तालिम कार्यक्रम:

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५१२ |
| क्रियाकलाप कोड | २.६.४.१७३ |
| उद्देश्य | प्रदेशमा महिला उद्यमसम्बद्ध निजी क्षेत्रका समितिहरुको उद्यमशिलता सम्बन्धी क्षमता विकास गर्ने। |
| सञ्चालन प्रक्रिया | • निजि क्षेत्रको संस्थासँगको सहकार्यमा महिला उद्यमसँग सम्बन्धित उद्यमीहरुको माग बमोजिमको उद्यमशिलता विकास, कर प्रणाली र सुशासन प्रबर्द्धन विषयमा बाह्य तथा आन्तरिक श्रोत व्यक्तिको सहजीकरणमा एक दिने क्षमता अभिबृद्धि तालिम कार्यक्रम आयोजना गरिनेछ।<br>• यसरी आयोजना गरिने कार्यक्रमको समग्र व्यवस्थापनका लागि भ्रमण भत्ता, मसलन्द, खाजा खर्च, छलफल, कार्यपत्र प्रस्तुतीकरण लगायतको खर्च यस शीर्षकबाट गर्न सकिनेछ ।<br>• यस शीर्षक अन्तर्गत खर्च गर्दा सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ बमोजिम गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धि | महिला उद्यमसम्बद्ध निजी क्षेत्रका समितिहरुको क्षमता विकास भएको हुने। |
| सञ्चालनगर्ने निकाय | मन्त्रालयको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने महाशाखा। |

२.१२ उद्योग वाणिज्य दर्ता तथा नियमन सम्बन्धी अभिमुखीकरण कार्यक्रम

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

| | |
|---|---|
| क्रियाकलाप कोड | २.५.११.१३ |
| उद्देश्य | प्रदेशमा रहेका लघु तथा साना उद्यमीहरूलाई उद्योग दर्ता, नवीकरण, खारेजी लगायतका उद्योग व्यवसाय सम्बन्धी कानुनी एवं नीतिगत प्रक्रियाहरुको बारेमा जानकारी गराउने। |
| सञ्चालन प्रक्रिया | सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ बमोजिम गर्ने। |
| अपेक्षित उपलब्धि | प्रदेशमा रहेका लघु तथा साना उद्यमीहरूलाई उद्योग व्यवसाय सम्बन्धी कानुनी एवं नीतिगत प्रक्रियाहरुकोबारेमा जानकारी प्राप्त भई उद्योग दर्ता, नवीकरण लगायतका कार्यमा सहजिकरण हुने । |
| सञ्चालनगर्ने निकाय | मन्त्रालय/घरेलु तथा साना उद्योग कार्यालय। |

२.१३ नवप्रवर्तनकारी अनुसन्धान सहयोग कार्यक्रमः

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.१३३ |
| उद्देश्य | नवप्रवर्तनसँग सम्बन्धित रहेर कार्यक्रम सञ्चालन गरिरहेका सरकारी तथा निजीक्षेत्रलाई सहयोग उपलब्ध गराउने। |
| सञ्चालन प्रक्रिया | इच्छुक सरकारी वा निजीक्षेत्रबाट मागको निवेदन प्राप्त गर्ने ।<br>बजेटको अधिनमा रही सम्झौता गरी कार्यसम्पन्न गर्ने । |
| अपेक्षित उपलब्धि | नवप्रवर्तन सम्बन्धी कार्यमा सहयोग पुगेको हुने। |
| सञ्चालनगर्ने निकाय | मन्त्रालयको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने महाशाखा। |

२.१४ धनकुटा औद्योगिक ग्रामका उद्यमीहरूलाई बीउपूँजी परिचालनः

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.१३९ |
| उद्देश्य | धनकुटा स्थित धनकुटा औद्योगिक ग्राममा सञ्चालनमा रहेका उद्यमहरूलाई बीउपुँजी उपलब्ध गराउने। |
| सञ्चालन प्रक्रिया | • औद्योगिक ग्राममा सञ्चालनमा रहेका उद्यमहरुबाट बिउपूँजी परिचाल्लनको लागि कम्तिमा सात दिने सूचना प्रकाशन गरी निवेदन माग गर्ने।<br>• सूचना बमोजिम प्राप्त आवेदकहरुसँग कार्यालयले सम्झौता गरी उक्त सम्झौतामा बीउपूँजीको रकम, फिर्ता गर्नु पर्ने अवधि, फिर्ता गर्ने प्रकृया समेत खुलाउनु पर्नेछ।<br>• सम्झौता बमोजिमको बिउँपूजीको रकम सम्बन्धित उद्यमीले फिर्ता नगरेमा निजबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यहोरा सम्झौतामा स्पष्ट उल्लेख गर्नु पर्नेछ।<br>• बिउँपूजी फिर्ता गर्नु पर्ने अधिकतम अवधि पाँच बर्षको हुनेछ।<br>• सम्झौतामा उल्लेख नभएको विषयको हकमा प्रचलित कानुन बमोजिम हुने गरी गर्नु पर्नेछ। |

राम प्रसाद महतो
मन्त्री

| | |
|---|---|
| | • यो कार्यक्रममा सहभागी हुने उद्यमले औद्योगिक ग्राम सञ्चालन समितिलाई तिर्न बुझाउन बाँकी बक्यौता चुक्ता गरेको हुनु पर्नेछ। |
| अपेक्षित उपलब्धि | धनकुटा औद्योगिक ग्राम भित्र सञ्चालनमा रहेका उद्यमहरूको सहज सञ्चालनका लागि बीउपुँजी उपलब्ध भएको हुने। |
| सञ्चालनगर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय। |

२.१५ उद्योग वाणिज्य सम्बन्धी घुम्ती सेवा कार्यक्रमः

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.१४ |
| उद्देश्य | कार्यालयबाट प्रवाह हुने उद्योग तथा वाणिज्य प्रशासन, नियमन र प्रवर्द्धन सम्बन्धी सम्पूर्ण सेवा स्थानीय घरदैलोमा नै पुगी प्रदान गर्ने। |
| सञ्चालन प्रक्रिया | • उद्योग तथा वाणिज्य सम्बन्धी घुम्ती सेवा सञ्चालन गर्ने निकायले आवश्यक निर्णय गरी सम्बन्धित र सरोकारवाला निकायहरुसँगको समन्वयमा बढी भन्दा बढी जनताले/उद्यमीले लाभ लिन सक्नेगरी उपयुक्त स्थान तोकी घुम्ती सेवा सञ्चालन गर्ने।<br>• घुम्ति सेवा सञ्चालन गर्दा उद्योग तथा वाणिज्य सम्बन्धी सम्पूर्ण कानुनी एवं प्रक्रियागत कामहरु एकै स्थानबाट प्रवाह गर्ने।<br>• घुम्ती सेवा सञ्चालनका सम्बन्धमा प्रवाह गरिने सेवाहरु, सेवाको किसिम, तरिका, आवश्यक कागजातहरु सर्वसाधारण, उद्यमी सबैको जानकारीका लागि कम्तिमा ७ दिन अगाबै सूचना प्रसारण गर्ने।<br>• कार्यालयले घुम्ती सेवा सम्बन्धी अन्य तयारीहरु गर्नसक्ने।<br>• कार्यक्रम सञ्चालन गर्दा बैठक भत्ता, भ्रमण भत्ता, खाजा खर्च, परिवहन खर्च आदि खर्च सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ बमोजिम यस शीर्षकबाट खर्च गर्न सकिने। |
| अपेक्षित उपलब्धि | कार्यालयबाट प्रवाह हुने उद्योग तथा वाणिज्य प्रशासन, नियमन र प्रवर्द्धन सम्बन्धी सम्पूर्ण सेवा स्थानीय घरदैलोबाट नै सरल तरिकाले प्राप्त भएको हुने । |
| सञ्चालनगर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय। |

२.१६ कार्यविधि निर्माण (नीति, कानून, मार्गदर्शन, कार्यविधि, निर्देशिका)

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.२६ |
| उद्देश्य | • प्रदेशका उद्योग तथा वाणिज्य क्षेत्रलाई व्यवस्थित गर्न आवश्यक पर्ने नीति, ऐन, नियम लगायतका कानूनहरु निर्माण तथा सशोधन गर्ने। |

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

| | |
|---|---|
| | • मन्त्रालय र मातहतका कार्यालयहरूबाट सञ्चालन तथा कार्यान्वयन हुने स्वीकृत बार्षिक कार्यक्रम एवं क्रियाकलापमा एकरूपता एवम् सहजता ल्याउन सहजीकरण गर्ने। |
| सञ्चालन प्रक्रिया | १. यो कार्यक्रममा देहाय बमोजिमका क्रियाकलापहरू गर्ने ।<br>• उद्योग, वाणिज्य तथा आपूर्ति कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८३ निर्माण गर्ने।<br>• प्रदेश औद्योगिक नीति निर्माण गर्ने।<br>• प्रदेश स्टार्ट अप नीति निर्माण गर्ने ।<br>• प्रदेश औद्योगिक व्यवसाय ऐन,२०७७ लाई संशोधन गर्ने ।<br>• प्रदेश औद्योगिक व्यवसाय नियमावली,२०७७ लाई संशोधन गर्ने<br>• कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन,२०७७ लाई संशोधन गर्ने ।<br>• कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता नियमावली,२०७७ लाई संशोधन गर्ने।<br>• प्रदेश अन्तर्गत सञ्चालन गरिने उद्योग, वाणिज्य क्षेत्रसँग सम्बन्धित सीप विकास सम्बन्धी तालिमहरुको मापदण्ड र कार्यविधि बनाउने।<br>• उद्योग सम्बन्धी विषयगत मापदण्ड बनाउने ।<br>• उद्योग तथा वाणिज्य फर्म दर्ता सम्बन्धी दिग्दर्शन निर्माण गर्ने।<br>• औद्योगिक ग्राम सञ्चालन निर्देशिका संशोधन गर्ने ।<br>• औद्योगिक मेला सहयोग\स्टल खरिद सम्बन्धी मापदण्ड बनाउने।<br>२. नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि, मार्गदर्शन, मापदण्ड तयार गर्दा विषय विज्ञहरू तथा सरोकारवालाहरूसँग छलफल गर्ने ।<br>३. उल्लिखित कार्यक्रम कार्यान्वयनका क्रममा गरिने विभिन्न कार्यहरु जस्तैः राय संकलन, बैठक, परामर्श सेवा, गोष्ठी, छपाई, प्रचार प्रसार सामाग्री उत्पादन तथा प्रकाशन र वितरण लगायतमा विनियोजित रकम खर्च गरिनेछ ।<br>• खर्च गर्दा प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ बमोजिम गर्नु पर्ने । |
| अपेक्षित उपलब्धि | ऐन, नियम, निर्देशिका, कार्यविधि, मार्गदर्शन, मापदण्ड निर्माण वा संशोधन भई उद्योग तथा वाणिज्य क्षेत्र प्रशासन व्यवस्थित भएको र स्वीकृत बार्षिक कार्यक्रम एवम् क्रियाकलापहरुको कार्यान्वयनमा सहजता र एकरूपता आएको हुने । |
| सञ्चालनगर्ने निकाय | मन्त्रालयको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने महाशाखा। |

२.१७ त्रैमासिक प्रगति समिक्षा तथा योजना तर्जुमा गोष्ठी

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.४७ |
| उद्देश्य | मन्त्रालय र कार्यालयहरुले बर्ष भरी सञ्चालन गरेका स्वीकृत बार्षिक कार्यक्रमहरुको कार्यान्वयन एवं प्रगतीहरुको सुशासन ऐन तथा नियमावली अनुसार प्रस्तुती,सार्वजनिक सुनुवाई र समीक्षा गरी प्रचलित कानून बमोजिम प्रगति प्रतिवेदन तयार गर्ने र आगामी आ.व.का लागि |

राम प्रसाद मेहता
मन्त्री

| | |
|---|---|
| | आवश्यक मार्गदर्शन प्राप्त गर्ने । आगामी आर्थिक वर्षको योजना तर्जुमाका लागि गोष्ठी आयोजना गर्ने । |
| सञ्चालन प्रक्रिया | • विनियोजित बजेटको परिधिभित्र रही मन्त्रालयको उद्योग तथा वाणिज्य सम्बन्धी बिषय हेर्ने महाशाखाले बर्षभरी मन्त्रालय र कार्यालयहरुको उपस्थितिमा त्रैमासिक रूपमा (४ पटक) समीक्षा गोष्ठी आयोजना गर्ने।<br>• तेश्रो त्रैमासिक पश्चात् आगामी आर्थिक वर्षको लागि योजना तर्जुमा गोष्ठी आयोजना गर्ने।<br>• मार्गदर्शनमा उल्लेखित प्रतिवेदनको ढाँचामा प्रतिवेदन तयारी गर्ने । उल्लेखित ढाँचा बाहेकको हकमा कार्यालयहरुले त्रैमासिक समीक्षामा प्रस्तुत गर्नुपर्ने बिषय र क्षेत्र हरुको सन्दर्भमा मन्त्रालयले नै आवश्यक र उपयुक्त ढाँचा बनाई उपलब्ध गराउने।<br>• मातहतका कार्यालयहरुले पनि मन्त्रालयले उपलब्ध गराएको ढाँचामा यथार्थपरक एवं तथ्यपरक विवरणहरु समावेश गर्नुपर्ने । विवरणहरुमा एकरूपता हुनुपर्ने कुरालाई ध्यानमा दिई तयार गर्ने ।<br>• यस कार्यक्रम अन्तर्गत उद्योग, वाणिज्य प्रशासन सम्वन्धी कानून वा कार्यक्रमहरुको कार्यान्वयनको लागि सल्लाह सुझाव लिने गरी बैठक कार्यशाला समेत गर्न सकिनेछ । यस्तो कार्यशाला सरोकारवाला निकायको उपस्थितिमा समेत गर्न सकिनेछ ।<br>• प्रगति प्रतिवेदनका सम्बन्धमा आवश्यकता अनुसार जिल्ला उद्योग प्रवर्द्धन समन्वय समितिलाई बैठकमार्फत जानकारी गराउन सकिनेछ । |
| अपेक्षित उपलब्धि | मन्त्रालय र कार्यालयहरुले बर्षभरी सञ्चालन गरेका स्वीकृत बार्षिक कार्यक्रमहरुको कार्यान्वयन एवं प्रगतीहरुको समीक्षा भई देखिएका समस्या एवं चुनौतीहरु समाधान गर्न मद्धत मिल्ने र आगामी आ.व.मा तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमका सम्बन्धमा सुझाव प्राप्त गर्ने । |
| सञ्चालन गर्ने निकाय | मन्त्रालयको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने महाशाखा। |

२.१८ उद्योग वाणिज्य प्रशासन सम्बन्धी अन्तर प्रदेश असल अभ्यास आदान प्रदान कार्यक्रम

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.१६१ |
| उद्देश्य | उद्योग वाणिज्य प्रशासन सम्बन्धी अन्तर प्रदेश असल अभ्यास र अनुभव आदान प्रदान गर्ने। |
| सञ्चालन प्रक्रिया | • मन्त्रालय र अन्तर्गतका उद्योग वाणिज्य सम्बद्ध कार्यालयका कर्मचारीहरु सहभागी हुनेछन्।<br>• अन्तर प्रदेश उद्योग र वाणिज्य विषय हेर्ने मन्त्रालय र निकायहरुसँग असल अभ्यास र अनुभव आदान प्रदान गरिनेछ।<br>• अन्तरक्रिया कार्यक्रम समेत सञ्चालन गर्न सकिनेछ। |

राम प्रसाद महतो
मन्त्री

| | |
|---|---|
| | • यस शीर्षकबाट खर्च गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ ( संसोधन सहित), प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ बमोजिम गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धि | असल अभ्यास र अनुभव हासिल गरी कार्यसम्पादनमा प्रभावकारीता आउने। |
| सञ्चालन गर्ने निकाय | मन्त्रालयको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने महाशाखा। |

२.१९ अल्लो उद्योग प्रवर्द्धन

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.७.१५.२७३ |
| उद्देश्य | प्रदेशको हिमाली तथा पहाडी जिल्लामा प्रचुर मात्रामा पाइने वनस्पति अल्लोमा आधारित उद्यम प्रवर्द्धन गर्न अल्लोसँग सम्बन्धित उद्यम सञ्चालन गर्न इच्छुक व्यक्तिहरूलाई आवश्यक तालिम प्रदान गर्ने, उद्यम दर्ता गर्न सहयोग गर्ने र सञ्चालनका लागि आवश्यक प्रविधि उपलब्ध गराएर उद्यम सञ्चालनमा सहयोग गर्ने। |
| सञ्चालन प्रक्रिया | • विभिन्न स्थानीय तहहरूको समन्वयमा निश्चित अल्लोजन्य उद्यमसँग सम्बन्धित उद्यमशील व्यक्तिहरूको पहिचान र छनौट गर्ने।<br>• निजहरूलाई उद्यम सञ्चालन गर्न कुनै सीप आवश्यक पर्ने भए सो सम्बन्धी तालिम दिलाउने।<br>• उद्यम दर्ता गर्न सहजीकरण गर्ने।<br>• उद्यम दर्ता पश्चात् आवश्यक प्रविधि उपलब्ध गराउने ।<br>• प्रविधि हस्तान्तरण सम्बन्धी कार्यविधिको प्रक्रिया अवलम्बन गरी कार्य सम्पन्न गर्ने। |
| अपेक्षित उपलब्धि | बेरोजगार अवस्थामा रहेका व्यक्तिहरू स्वरोजगार बन्ने र अल्लोजन्य उद्यमको संरक्षण, स्थानीय उत्पादनको प्रवर्द्धन, आधुनिकीकरण र पुस्तान्तरण हुने साथै व्यक्तिको जीवनस्तरमा सुधार हुने। |
| सञ्चालनगर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय। |

२.२० सखर उद्योग प्रवर्द्धन कार्यक्रमः

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.७.१५.२७४ |
| उद्देश्य | संखुवासभा जिल्लाको पहिचानको रूपमा रहेको परम्परागत सखर उद्यम सञ्चालन गर्नका लागि इच्छा भएका वा अनौपचारिक रूपमा सञ्चालन व्यक्तिहरूको पहिचान गरी उनीहरूलाई औपचारिकता तर्फ उन्मुख गराई आवश्यक परेमा तालिम समेत प्रदान गर्ने, सञ्चालनका लागि आवश्यक प्रविधि/मेसिन उपकरण उपलब्ध गराएर उद्यम सञ्चालनमा सहयोग गर्ने। |

राम प्रसाद महतो
मन्त्री

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | • विभिन्न स्थानीय तहहरूको समन्वयमा सखर उद्यम सञ्चालनसँग सम्बन्धित उद्यमशील व्यक्तिहरूको पहिचान र छनौट गर्ने।<br>• निजहरूलाई उद्यम सञ्चालन गर्न कुनै सीप आवश्यक पर्ने भए सो सम्बन्धी तालिम दिलाउने।<br>• उद्यम दर्ता पश्चात् आवश्यक प्रविधि उपलब्ध गराउने।<br>• उत्पादित वस्तुको बजारीकरणमा सहयोग गर्ने ।<br>• प्रविधि हस्तान्तरण सम्बन्धी कार्यविधिको प्रक्रिया अवलम्बन गरी कार्य सम्पन्न गर्ने। |
| अपेक्षित उपलब्धि | संखुवासभामा उत्पादन हुने सखर उद्योगको स्तरोन्नति र बजारीकरणमा सहयोग पुगेको हुने। |
| सञ्चालनगर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय। |

२.२१ बाँसजन्य उद्योग प्रवर्द्धन कार्यक्रमः

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.१५१ |
| उद्देश्य | • स्थानीय स्तरमा उपलब्ध बाँसजन्य वस्तुहरुलाई आधुनिक प्रविधि र डिजाइनसँग जोडेर हस्तकला, फर्निचर र निर्माण सामाग्री निर्माण गर्नु,<br>• बाँसको व्यवसायिक खेती, संरक्षण र दिगो संकलन प्रणालीको विकासमा सहयोग गर्नु,<br>• प्लाष्टिक र आल्मुनियमका सामानहरुको विकल्पको रुपमा पर्यावरणमैत्री बाँसजन्य सामाग्रीहरुको उपयोगमा जोड दिनु,<br>• ग्रामीण क्षेत्रका सीमान्तकृत समुदाय, महिला र युवाहरुलाई बाँसजन्य उद्यममा आवद्ध गराई स्थानीय स्तरमै स्वरोजगार र दिगो आयआर्जनका अवसरहरु सिर्जना गर्नु । |
| सञ्चालन प्रक्रिया | बास प्राकृतिक रुपमा प्रचुर मात्रामा पाईने एक बहुउपयोगी बनस्पति हो। परमपरागत रुपमा डालो, नाङलो र डोको बुन्नमा मात्र सिमित रहेको बाँसलाई आधुनिक प्रविधिको प्रयोग गरी फर्निचर,हस्तकलाका सामाग्री, निर्माण सामाग्री(बाँसको प्लाइउड,कम्पोजिट बोर्ड) र घरेलु सामानहरु बनाउन सकिन्छ। स्थानीय स्तरमै बासजन्य उद्योगहरुको स्थापना र प्रवर्द्धन गरी हरित अर्थतन्त्रको विकास गर्न, वन पैदावरको दिगो उपयोग गर्न र पर्या-पर्यटनसँग जोड्न यो कार्यक्रम सञ्चालन गर्नु सान्दर्भिक देखिन्छ ।<br>• स्थानीय तह वा वडाहरुलाई बाँस उद्यम कार्यक्रम सञ्चालन सम्बन्धमा समन्वय र सहकार्य गरी क्षेत्र पहिचान तथा छनौट गर्ने।<br>• उद्यम सञ्चालन गर्न कुनै ज्ञान, सीप र क्षमता बृद्धि गर्न आवश्यक पर्ने भए सो सम्बन्धी तालिम प्रदान गर्ने । |

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

| | |
|---|---|
| | • आधुनिक फर्निचर, उपहार सामाग्री र सजावटका सामान बनाउने उद्यम सञ्चालन गर्न कुनै ज्ञान, सीप र क्षमता बृद्धि सम्बन्धी तालिम आवश्यक पर्ने भए सो सम्बन्धी तालिम प्रदान गर्ने । <br>• तालिम सञ्चालनको क्रममा बाँस प्रशोधन गर्ने मेसिन औजार खरिद गरी तालिममा प्रयोग गरिएका मेसिन औजारहरु प्रविधि हस्तान्तरण सम्बन्धी कार्यविधिको प्रक्रिया अवलम्बन गरी तालिममा सहभागीहरुलाई उपलब्ध गराउने । <br>• पर्यटकीय केन्द्र तथा शहरहरुमा बाँसजन्य सामाग्री प्रदर्शनी तथ बिक्री केन्द्र उद्यम दर्ताका लागि सहजीकरण गर्ने। <br>• उद्यम दर्ता पश्चात आवश्यक प्रविधि मेसिन उपलब्ध गराउने । <br>• बाँसजन्य उद्योग प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने स्थल र बाँस तथा बाँसजन्य सामाग्रीको संरक्षण, रेखदेख तथा सरसफाई लगायतका कामको लागि यस शिर्षकबाट आवश्यक न्युनतम जनशक्ति राखि खर्च गर्न सकिनेछ । <br>• सार्वजनिक खर्च तथा मितव्ययीता सम्बन्धी मापदण्ड २०७९ बमोजिम कार्यक्रम सञ्चालन गर्ने। |
| अपेक्षित उपलब्धि | जिल्लामा उत्पादन हुने बाँसजन्य बस्तुको उद्योगको स्तरोन्नति र बजारीकरणमा सहयोग पुगेको हुने। |
| सञ्चालनगर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय। |

२.२२ उद्योग दिवस मनाउने

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.७.२५.७० |
| उद्देश्य | उद्योग वाणिज्य क्षेत्रसँग सम्बन्धित बिषयहरुको प्रचारप्रसार मार्फत स्वदेशी उद्यम र उत्पादनलाई प्रोत्साहन गर्नु साथै यस क्षेत्रमा लगानी प्रबर्द्धनलाई टेवा पुर्याउनु। |
| सञ्चालन प्रक्रिया | • उद्योग दिवस हरेक वर्ष मंसीर ९ गते मनाइन्छ । <br>• उद्योग दिवस मनाउन जिल्ला उद्योग प्रबर्द्धन समन्वय समितिको बैठकबाट निर्णय गराइ तयारी गर्नु पर्नेछ । <br>• उद्योग दिवस मनाउन जिल्ला स्थित अन्य कार्यालयहरु तथा सरोकारवाला संघसंस्थालाई दिवस सम्बन्धी कार्यक्रमको अग्रिम जानकारी गराउने। <br>• उद्योग दिवसको दिन भेला, गोष्ठी, अन्तरसम्बन्धित निकायहरुको सहभागितामा अन्तर्कृया कार्यक्रम,प्रचार प्रसार, छपाई, मिडिया संवाद,प्रदर्शनी, प्रभातफेरी, सरसफाई लगायतका चेतनामूलक कार्यक्रम सञ्चालन गरी मनाउन सकिनेछ। <br>• उत्कृष्ट उद्यमी व्यवसायीलाई सम्मान गर्न सकिनेछ। |
| अपेक्षित उपलब्धि | उद्योग वाणिज्य क्षेत्रसँग सम्बन्धित बिषयहरुको प्रचारप्रसार भई स्वदेशी उद्यम र उत्पादनमा लगानी प्रबर्द्धन हुने । |
| सञ्चालनगर्ने निकाय | मन्त्रालय र घरेलु तथा साना उद्योग कार्यालय |

राम प्रसाद महतो
मन्त्री

२.२३ उपभोक्ता अधिकार दिवस मनाउने

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.७.२५.७१ |
| उद्देश्य | उपभोक्तालाई जागरुक बनाउनु, उनीहरुको हितको रक्षा गर्दै विभिन्न प्रकारका शोषणबाट बचाउनु, उपभोक्ताको अधिकार र कल्याणमा जोड दिनु। |
| सञ्चालन प्रक्रिया | • उपभोक्ता अधिकार दिवस हरेक बर्ष अङ्ग्रेजी महिनाको मार्च १५ मा मनाउने गरिन्छ। <br>• उपभोक्ता अधिकार दिवस मनाउन जिल्ला स्थित अन्य कार्यालयहरु,विभिन्न उपभोक्ता अधिकारसँग सम्बन्धित उपभोक्ता अधिकारकर्मी, संघ/संस्थाको सहभागिताका लागि अग्रिम जानकारी गराउने । <br>• उपभोक्ता अधिकार दिवसको दिन भेला, गोष्ठी, अन्तरसम्बन्धित निकायहरुको सहभागितामा अन्तर्कृया कार्यक्रम, प्रचार प्रसार, छपाई, मिडिया संवाद, प्रदर्शनी, प्रभातफेरी, सरसफाई लगायतका चेतनामूलक कार्यक्रम सञ्चालन गरी मनाउन सकिनेछ। <br>• उपभोक्ता अधिकारको सम्बन्धमा यसको अवधारणा, इतिहास, संवैधानिक र कानुनी व्यवस्था, उपभोक्ता अधिकार र यसका सिद्धान्तहरु, उपभोक्ताका समस्याहरु, समाधानका प्रयास र उपायहरु, सरकार, उत्पादक र उपभोक्ताको दायित्व र जिम्मेवारी, दिवस मनाउनुको औचित्य लगायतका बिषयहरु समेटी ब्रोसर प्रकाशन, प्रचार प्रसार एवं वितरण गर्ने । <br>• सरोकारवाला निकायहरुको सहभागितामा बजार अनुगमन गर्ने । बजार अनुगमनका क्रममा उत्पादक, उपभोक्ता, ढुवानीकर्ता, संचयकर्ता, बिक्रेता, सेवा प्रदायकले पालना गर्नुपर्ने दायित्वहरुको बारेमा जानकारी गराउने, सल्लाह, सुझाव आदानप्रदान गर्ने । |
| अपेक्षित उपलब्धि | उत्पादनकर्तामा जिम्मेवारी र उपभोक्तामा जागरुकता आई उपभोक्ताको अधिकार संरक्षणमा टेवा पुगेको हुने । |
| सञ्चालनगर्ने निकाय | मन्त्रालय र घरेलु तथा साना उद्योग कार्यालय। |

२.२४ उपभोक्ता अधिकार संरक्षण सम्बन्धी सचेतना कार्यक्रमः

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.७.२५.७३ |
| उद्देश्य | उपभोक्ताको हक, अधिकारको बारेमा जनचेतना फैलाउने। |
| सञ्चालन प्रक्रिया | • उपभोक्ताको हक अधिकारको बारेमा विद्युतीय सञ्चार माध्यम, पत्रपत्रिका, माइकिङ तथा अन्य विभिन्न सञ्चार माध्यमबाट प्रकाशन तथा प्रसारण । <br>• उपभोक्ता हक अधिकार सम्बन्धी पोष्टर, पम्प्लेट, होर्डिङ बोर्ड लगायत अन्य प्रचार प्रसार सामाग्री उत्पादन तथा प्रकाशन एवं वितरण। <br>• कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रकाशन गर्न आवश्यक ठानेका अन्य उपभोक्ताको हक अधिकार सम्बन्धी जनचेतनामूलक सामाग्रीहरु । |

| | |
|---|---|
| अपेक्षित उपलब्धि | उपभोक्ताको हक, अधिकारको बारेमा सचेतना भएको हुने। |
| सञ्चालनगर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय |

२.२५ उपभोक्ता अधिकार सम्बन्धी विद्यालय सचेतना कार्यक्रमः

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५१२ |
| क्रियाकलाप कोड | २.६.५.१७ |
| उद्देश्य | उपभोक्ताको हक, अधिकारको बारेमा विद्यालय/कलेजस्तरमा सचेतना फैलाउने। |
| सञ्चालन प्रक्रिया | • उपभोक्ताको हक अधिकारको बारेमा अन्तर्क्रिया कक्षा, वक्तित्वकला, पुरस्कार जस्ता माध्यमबाट उपभोक्ता सचेतना बढाउने।<br>• उपभोक्ता हक अधिकार सम्बन्धी पोष्टर, पम्प्लेट, होर्डिङ बोर्ड लगायत अन्य प्रचार प्रसार सामाग्री उत्पादन तथा प्रकाशन एवं वितरण।<br>• कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रकाशन गर्न आवश्यक ठानेका अन्य उपभोक्ताको हक अधिकार सम्बन्धी जनचेतनामूलक सामाग्रीहरु। |
| अपेक्षित उपलब्धि | उपभोक्ताको हक, अधिकारको बारेमा सचेतना भएको हुने। |
| सञ्चालनगर्ने निकाय | मन्त्रालय र घरेलु तथा साना उद्योग कार्यालय |

२.२६ आमसञ्चार माध्यमबाट सूचना तथा जानकारी प्रवाहः

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.७.२५.७५ |
| उद्देश्य | कार्यालयको कार्यसम्पादनको सम्बन्धमा नागरिकलाई सूचना तथा जानकारी प्रवाह गरी पारदर्शितालाई प्रर्वद्धन तथा सबलीकरण गर्नु । |
| सञ्चालन प्रक्रिया | यो कार्यक्रम अन्तर्गत देहायका बिषयहरुमा आवश्यकता अनुसार रेडियो, एफ.एम., टि.भि, पत्रपत्रिका तथा विद्युतीय सञ्चार माध्यमबाट प्रचारप्रसार गरी सूचना प्रवाह तथा पारदर्शितालाई प्रर्वद्धन तथा सबलीकरण गर्न सकिन्छ ।<br>• उद्योग तथा वाणिज्य प्रशासनसँग सम्बन्धित प्रक्रिया तथा प्रर्वद्धनात्मक कार्यहरूको सूचना।<br>• उद्योग, वाणिज्य प्रशासन तथा उपभोक्ता हक हितसँग सम्बन्धित ऐन, कानुन, मापदण्ड, कार्यविधि, निर्देशिकाहरूको जानकारी ।<br>• प्रविधि हस्तान्तरणसँग सम्बन्धित सूचना।<br>• उपभोक्ता हक हितसँग सम्बन्धित सूचना।<br>• उद्योग, प्रशासनसँग सम्बन्धित विभिन्न तालिम, गोष्ठीसँग सम्बन्धित सूचना ।<br>• नवप्रर्वतनमुखी उद्यम व्यवसायवारे जानकारी ।<br>• व्यावसायिक सामाजिक उत्तरदायित्व (CSR) सम्वन्धी जानकारी । |

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

| | |
|---|---|
| | • कार्यालयबाट सम्पादन भएका कार्यहरुको प्रगती विवरण सहितको त्रैमासिक जानकारी।<br>• अन्य आवश्यक जानकारीहरु । |
| अपेक्षित उपलब्धि | कार्यालयको कार्यसम्पादन र उद्योग वाणिज्य क्षेत्र सम्बन्धी बिषयहरुमा नागरिकलाई सूचना तथा जानकारी प्राप्त भई पारदर्शिता कायम हुने । |
| सञ्चालनगर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय। |

२.२७ बजार अनुगमन र नियमन

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.७.२५.७८ |
| उद्देश्य | व्यापार व्यवसायलाई मर्यादित र उपभोक्तालाई गुणस्तरीय उपभोग्य वस्तु तथा सेवा उपलब्ध गराउनु। |
| सञ्चालन प्रक्रिया | • मन्त्रालयले प्रदेश भित्र रहेका वाणिज्य तथा बजारहरुको अनुगमन गर्नुपर्नेछ।<br>• कार्यालयले जिल्ला भित्र रहेका बाणिज्य तथा बजारहरुको अनुगमन गर्नुपर्नेछ।<br>• अनुगमन गर्दा आवश्यकता अनुसार स्थानीय तह, स्थानीय प्रशासन लगायतका निकायहरूसँग समन्वय गरी प्रचलित कानुन बमोजिम वाणिज्य/बजार अनुगमन गर्नुपर्नेछ।<br>• बजार अनुगमन गर्दा अनुगमनमा खटिएका टोलीलाई चिया, खाजा, खाना एवं आवश्यकता अनुसार यातायात खर्च र नियमानुसारको दैनि भ्रमण भत्ता वापत आवश्यक पर्ने रकम यस शीर्षकको बजेटबाट खर्च गर्न सकिनेछ ।<br>• मन्त्रालयले छुट्टै बजार अनुगमन सम्बन्धी कार्यविधि/निर्देशिका जारी गरेको भए सोही बमोजिम गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धि | व्यापार व्यवसाय क्षेत्र मार्यदित भएको हुने र उपभोक्ताले गुणस्तरीय उपभोग्य वस्तु तथा सेवा प्राप्त गरेको हुने । |
| सञ्चालनगर्ने निकाय | मन्त्रालय र घरेलु तथा साना उद्योग कार्यालय। |

२.२८ उद्योग बाणिज्य अनुगमन

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.७.२५.८० |
| उद्देश्य | उद्योग, वाणिज्य क्षेत्रलाई मर्यादित र उपभोक्तालाई गुणस्तरीय उपभोग्य वस्तु तथा सेवा उपलब्ध गराउनु। |
| सञ्चालन प्रक्रिया | • मन्त्रालय र कार्यालयहरूले प्रदेश/जिल्ला भित्र रहेका उद्योग व्यवसायको नियमित अनुगमन गर्नुपर्नेछ।<br>• अनुगमन गर्दा आवश्यकता अनुसार स्थानीय तह लगायतका निकायहरूसँग समन्वय गरी प्रचलित कानुन बमोजिम अनुगमन गर्नुपर्नेछ। |

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

| | |
|---|---|
| | • उद्योग तथा व्यवसायको अनुगमन गर्दा अनुगमनमा खटिएका टोलीलाई चिया, खाजा, खाना एवं आवश्यकता अनुसार यातायात खर्च र नियमानुसारको दैनिक भ्रमण भत्ता वापत आवश्यक पर्ने रकम यस शीर्षकको बजेटबाट खर्च गर्न सकिनेछ ।<br>• मन्त्रालयले छुट्टै उद्योग, वाणिज्य अनुगमन सम्बन्धी कार्यविधि जारी गरेको भए सोही बमोजिम गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धि | उद्योग, वाणिज्य क्षेत्र मार्यदित भएको हुने र उपभोक्ताले गुणस्तरीय उपभोग्य वस्तु तथा सेवा प्राप्त गरेको हुने । |
| सञ्चालनगर्ने निकाय | मन्त्रालय र घरेलु तथा साना उद्योग कार्यालय |

२.२९ उद्यम तथा सीप विकास सम्बन्धी पुस्तिका/ब्रोसर प्रकाशन

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.७.५.७७ |
| उद्देश्य | प्रदेशका उद्यमी तथा व्यवसायीहरुलाई उद्योग सञ्चालनका लागि आवश्यक कानूनी प्रक्रिया, उत्पादन प्रक्रिया, उपलब्ध वा सम्भाव्य प्रविधि, कच्चा पदार्थ, सीप तथा तालिम लगायतका विषयहरूको बारेमा जानकारी दिनु। |
| सञ्चालन प्रक्रिया | • उद्योग सञ्चालनका लागि आवश्यक कानूनी प्रक्रिया, उत्पादन प्रक्रिया, उपलब्ध वा सम्भाव्य प्रविधि, कच्चा पदार्थ, सीप तथा तालिम लगायतका विषयहरू समेटी पुस्तिका प्रकाशन गर्न।<br>• सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयहरूले आफूले सम्पादन गरेका कार्यहरु (जस्तैः उद्योग, व्यवासयको दर्ता, नवीकरण, क्षमता वृद्धि, ठाउँ सारी, उद्देश्य परिवर्तन लगायत) को विस्तृत जानकारीहरु संलग्न गरी ब्रोसर निस्कासन गर्न।<br>• कार्यक्रम सम्पन्न गर्नका लागि सम्बन्धित विज्ञहरुसँग छलफल, राय संकलन, बैठक, परामर्श सेवा, छपाई, प्रचार प्रसार सामाग्री उत्पादन तथा प्रकाशन, वितरण, आवश्यकता अनुसार विद्युतीय माध्यम, पत्रपत्रिका तथा अन्य विभिन्न सञ्चार माध्यमबाट प्रचार प्रसार सम्बन्धी कार्यमा विनियोजित रकम खर्च गर्न सकिनेछ। |
| अपेक्षित उपलब्धि | प्रदेशका उद्यमी तथा व्यवसायीहरु तथा नयाँ उद्यमी हुन चाहनेहरुमा उद्योग सञ्चालनका लागि आवश्यक कानूनी प्रक्रिया, उत्पादन प्रक्रिया, उपलब्ध वा सम्भाव्य प्रविधि, कच्चा पदार्थ, सीप तथा तालिम लगायतका विषयहरूकोबारेमा जानकारी प्राप्त भई उद्यम प्रतिको आकर्षण बढेको हुने। |
| सञ्चालनगर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय। |

२.३० उपभोक्ता अधिकार संरक्षणसँग सम्बन्धित जनचेतना सामग्री प्रकाशन

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.७.५.७८ |

राम प्रसाद महतो
मन्त्री

| | |
|---|---|
| उद्देश्य | उपभोक्ताको हक, अधिकारको बारेमा जनचेतना फैलाउने। |
| सञ्चालन प्रक्रिया | • उपभोक्ताको हक अधिकारको बारेमा विद्युतीय सञ्चार माध्यम, पत्रपत्रिका, माइकिङ तथा अन्य विभिन्न सञ्चार माध्यमबाट प्रकाशन तथा प्रसारण गर्ने ।<br>• उपभोक्ता हक अधिकार सम्बन्धी पोष्टर, पम्प्लेट, होर्डिङ बोर्ड लगायत अन्य प्रचार प्रसार सामाग्री उत्पादन तथा प्रकाशिन एवं वितरण गर्ने।<br>• कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रकाशन गर्न आवश्यक ठानेका अन्य उपभोक्ताको हक अधिकार सम्बन्धी जनचेतनामुलक सामाग्रीहरु उत्पादन गर्ने । |
| अपेक्षित उपलब्धि | उपभोक्ताको हक, अधिकारको बारेमा सचेतना बढेको हुने। |
| सञ्चालनगर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय। |

२.३१ उद्यमशीलता विकास तालिम

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५१२ |
| क्रियाकलाप कोड | २.६.४.१०३ |
| उद्देश्य | उद्यमशीलताको ज्ञान, सीप तथा क्षमता परिस्कृत गर्दै उद्योग ब्यवसाय सञ्चालन गर्न सक्ने उद्यमी तयार गर्ने । |
| सञ्चालन प्रक्रिया | सार्वजनिक खर्च तथा मितव्ययीता सम्बन्धी मापदण्ड २०७९ बमोजिम कार्यक्रम सञ्चालन गर्ने। |
| अपेक्षित उपलब्धि | उद्यमशीलताको ज्ञान, सीप तथा क्षमता परिस्कृत गर्दै उद्योग ब्यवसाय सञ्चालन गर्न सक्ने उद्यमी तयार गर्ने । |
| सञ्चालनगर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय। |

२.३२ उद्यम विकास तथा रोजगार तालिम

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५१२ |
| क्रियाकलाप कोड | २.६.४.१०४ |
| उद्देश्य | उद्यमशीलता तथा सीप विकास तालिम दिइ उद्यमशील र सीपयुक्त जनशक्ति विकास गर्ने |
| सञ्चालन प्रक्रिया | सार्वजनिक खर्च तथा मितव्ययीता सम्बन्धी मापदण्ड २०७९ बमोजिम कार्यक्रम सञ्चालन गर्ने। |
| अपेक्षित उपलब्धि | उद्यमशील र सीपयुक्त जनशक्ति विकास भएको हुने । |
| सञ्चालनगर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय। |

२.३३ युवा उद्यमशीलता तथा औद्योगिक जनशक्ति विकास तालिम

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५१२ |

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

| | |
|---|---|
| क्रियाकलाप कोड | २.६.४.१०५ |
| उद्देश्य | युवालाइ उद्यमशीलता तथा सीप विकास तालिम दिइ उद्यमशील र सीपयुक्त जनशक्ति विकास गर्ने । |
| सञ्चालन प्रक्रिया | अनुसूची २ को मापदण्ड र सार्वजनिक खर्च तथा मितव्ययीता सम्बन्धी मापदण्ड २०७९ बमोजिम कार्यक्रम सञ्चालन गर्ने । |
| अपेक्षित उपलब्धि | उद्यमशील र सीपयुक्त जनशक्ति विकास भएको हुने । |
| सञ्चालन गर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय । |

२.३४ उद्यम प्रवर्द्धन तालिम

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५१२ |
| क्रियाकलाप कोड | २.६.४.१०६ |
| उद्देश्य | सीप विकास मार्फत उद्यम प्रवर्द्धन गर्ने |
| सञ्चालन प्रक्रिया | अनुसूची २ को मापदण्ड र सार्वजनिक खर्च तथा मितव्ययीता सम्बन्धी मापदण्ड २०७९ बमोजिम कार्यक्रम सञ्चालन गर्ने । |
| अपेक्षित उपलब्धि | सीप विकास मार्फत उद्यम प्रवर्द्धन भएको हुने । |
| सञ्चालन गर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय । |

२.३५ महिला वर्गका लागि उद्यमशिलता विकास कार्यक्रम

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.१४७ |
| उद्देश्य | महिला उद्यमीलाई उद्यमशीलता तथा सीप विकास तालिम दिइ उद्यमशील र सीपयुक्त जनशक्ति विकास गर्ने। |
| सञ्चालन प्रक्रिया | अनुसूची २ को मापदण्ड र सार्वजनिक खर्च तथा मितव्ययीता सम्बन्धी मापदण्ड २०७९ बमोजिम कार्यक्रम सञ्चालन गर्ने । |
| अपेक्षित उपलब्धि | उद्यमशील र सीपयुक्त जनशक्ति विकास भएको हुने । |
| सञ्चालन गर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय । |

२.३६ दलित समुदायमा उद्यम प्रवर्द्धन कार्यक्रम

| शीर्षक | विवरण |
|---|---|

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

| | |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.८९ |
| उद्देश्य | वेरोजगार/विपन्न दलित समुदायका व्यक्तिहरुलाई स्वरोजगार तथा उद्यमी बनाउनका लागि सीप विकास तालिम सञ्चालन गर्ने । |
| सञ्चालन प्रक्रिया | अनुसूची २ को मापदण्ड र सार्वजनिक खर्च तथा मितव्ययीता सम्बन्धी मापदण्ड २०७९ बमोजिम कार्यक्रम सञ्चालन गर्ने । |
| अपेक्षित उपलब्धि | उद्यमशील र सीपयुक्त जनशक्ति विकास भएको हुने । |
| सञ्चालन गर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय । |

२.३७ युवा उद्यमशिलता तथा औधोगिक जनशक्ति विकास तालिम

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५१२ |
| क्रियाकलाप कोड | २.६.४.१०५ |
| उद्देश्य | १८ वर्ष देखि ४० वर्ष उमेरका युवालाइ सहभागि/समावेश गरि सीप विकास तालिम सञ्चालन गरि उद्यमशील र सीपयुक्त जनशक्ति विकास गर्ने। |
| सञ्चालन प्रक्रिया | अनुसूची २ को मापदण्ड र सार्वजनिक खर्च तथा मितव्ययीता सम्बन्धी मापदण्ड २०७९ बमोजिम कार्यक्रम सञ्चालन गर्ने । |
| अपेक्षित उपलब्धि | उद्यमशील र सीपयुक्त जनशक्ति विकास भएको हुने । |
| सञ्चालन गर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय । |

२.३८ जुट जन्य उद्यम कार्यक्रम

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.१४९ |
| उद्देश्य | जुटजन्य कच्चा पदार्थको प्रयोग गरी जुटबाट बन्ने विभिन्न सामग्री उत्पादन सम्बन्धी सीप विकास तालिम दिई जुटजन्य उद्यमहरुको संरक्षण तथा प्रवर्द्धन गर्ने । |
| सञ्चालन प्रक्रिया | अनुसूची २ को मापदण्ड र सार्वजनिक खर्च तथा मितव्ययीता सम्बन्धी मापदण्ड २०७९ बमोजिम कार्यक्रम सञ्चालन गर्ने । |
| अपेक्षित उपलब्धि | उद्यमशील र सीपयुक्त जनशक्ति विकास भएको हुने । |
| सञ्चालन गर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय । |

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

२.३९ लघु, घरेलु साना तथा मझौला उद्योगको प्रवर्द्धन तथा उत्पादित वस्तु तथा सेवाको ब्राण्डिङ

| शीर्षक | विवरण |
| --- | --- |
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.१५६ |
| उद्देश्य | लघु, घरेलु तथा साना उद्योगहरुले उत्पादन गरेका वस्तुहरुको उत्पादन पछि लेवलिङ, प्याकेजिङ गुणस्तर ब्राण्डिङ तथा बजारीकरण सम्बन्धमा प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने । |
| सञ्चालन प्रक्रिया | अनुसूची २ को मापदण्ड र सार्वजनिक खर्च तथा मितव्ययीता सम्बन्धी मापदण्ड २०७९ बमोजिम कार्यक्रम सञ्चालन गर्ने । |
| अपेक्षित उपलब्धि | उद्योगको प्रवर्द्धन तथा उत्पादित वस्तु तथा सेवाको ब्राण्डिङमा सहजता भएको हुने। |
| सञ्चालन गर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय । |

२.४० क्षेत्र विशेष उद्यम प्रर्वद्धन

| शीर्षक | विवरण |
| --- | --- |
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.५५ |
| उद्देश्य | विभिन्न स्थानमा स्थानीय रुपमा अधिक क्षमता भएका वा त्यस स्थानको पहिचान बनाएका वस्तु उत्पादनसँग आवद्ध व्यक्तिलाई उक्त वस्तु उत्पादन गर्ने उद्यम स्थापनामा सहयोग गरी उक्त क्षेत्रलाई त्यस्तो वस्तु उत्पादनको पहिचान विकास गर्न सहयोग गर्ने । |
| सञ्चालन प्रक्रिया | • स्थानीय तहहरुको समन्वयमा स्थानीय रुप अधिक उत्पादन क्षमता भएका स्थानीय रुपमा परिचित वस्तुको छनौट छोटो गर्ने ।<br>• छनौट भएको वस्तुसँगै आवद्ध स्थानीय व्यक्तिहरुको छोटो सूची तयार गर्ने ।<br>• छोटो सूचीमा परेकाहरु सञ्चालन गर्न कुनै सीप आवश्यक पर्ने भए सो सम्बन्धी तालिम दिलाउने ।<br>• उद्यम दर्ता पश्चात आवश्यक प्रविधि उपलब्ध गराउने ।<br>• उत्पादित वस्तुको बजारीकरणमा सहयोग गर्ने ।<br>• उद्यम प्रवर्द्धन तथा प्रविधि हस्तान्तरण सम्बन्धी कार्यविधिको प्रक्रिया अवलम्वन गरी कार्य सम्पन्न गर्ने । |
| अपेक्षित उपलब्धि | तुलनात्मक रुपमा लाभ हुने वा स्थानीय रुपमा पहिचान बनाएका वस्तुहरुको उत्पादनमा बृद्धि र बजारीकरणमा सहयोग पुगेको हुने । |
| सञ्चालन गर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय । |

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

२.४१ कर्मचारी क्षमता अभिबृद्धि तालिम

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५१२ |
| क्रियाकलाप कोड | २.६.४.११० |
| उद्देश्य | कार्यालयमा कार्यरत कार्मचारीहरुलाई उद्योग तथा बाणिज्य प्रशासन सम्बन्धी कार्यसँग सम्बन्धित तालिम प्रदान गर्ने । |
| सञ्चालन प्रक्रिया | सार्वजनिक खर्च तथा मितव्ययीता सम्बन्धी मापदण्ड २०७९ बमोजिम कार्यक्रम सञ्चालन गर्ने।<br>बाह्य तथा आन्तरिक श्रोत व्यक्तिद्वारा कम्तिमा दुई दिने तालिम प्रदान गर्ने । |
| अपेक्षित उपलब्धि | कर्मचारीहरुलाई उद्योग तथा बाणिज्य प्रशासन सम्बन्धी विषयमा जानकारी प्राप्त भएको हुने। |
| सञ्चालन गर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय । |

२.४२ मसलाजन्य उद्योग प्रवर्द्धन कार्यक्रम (अलैची,अकवरे,अदुवा,वेसार)

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.१५२ |
| उद्देश्य | • स्थानीय स्तरमा उत्पादित मसलाजन्य बालीहरुलाई स्थानीय स्तरमै प्रशोधन, ग्रेडिङ, पिसाई र आकर्षक प्याकेजिङ गर्नु,<br>• बजारमा विदेशी मसलाको निर्भरता घटाउँदै देशभित्रै स्वच्छ, गुणस्तरीय मसला आपूर्ती गर्ने र अन्तराष्ट्रिय बजारमा नेपाली रैथाने मसलाको निर्यात बढाउनु,<br>• अलैची,अकवरे,अदुवा,वेसार सँग सम्बन्धीत उद्यमीहरुलाई तालिम प्रदान गरी युवा तथा महिलाहरुका लागि स्वरोजगार र दिगो रोजगारीका अवसरहरु सिर्जना गर्नु। |
| सञ्चालन प्रक्रिया | • अलैची,अकवरे,अदुवा,वेसार बढी उत्पादन हुने विशिष्ट क्षेत्र वा स्थानीय तहहरुसँग समन्वय गरी पहिचान र छनौट गर्ने।<br>• पहिचान गरिएको क्षेत्रमा उद्यम सञ्चालन गर्न कुनै ज्ञान,सीप र क्षमता बृद्धि गर्न आवश्यक पर्ने भए सो सम्बन्धी तालिम प्रदान गर्ने ।<br>• उद्यम दर्ताका लागि सहजिकरण गर्ने ।<br>• तालिम पश्चात प्रविधि हस्तान्तरण सम्बन्धी कार्यविधिको प्रक्रिया अवलम्बन गरी आवश्यक मेशिन उपलब्ध गराउने ।<br>• अनुसूची २ को मापदण्ड र सार्वजनिक खर्च तथा मितव्ययीता सम्बन्धी मापदण्ड २०७९ बमोजिम कार्यक्रम सञ्चालन गर्ने । |
| अपेक्षित उपलब्धि | अलैची,अकवरे,अदुवा,वेसार लगायतका वस्तुहरुको उत्पादनमा बढ्तोरी हुनका साथै मसलाजन्य उद्योगको स्तरोन्नति र बजारीकरणमा सहयोग पुगेको हुने । |

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

| | |
|---|---|
| सञ्चालन गर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय । |

२.४३ उद्यम विकास तथा रोजगार स्थापना कार्यक्रम

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.१५८ |
| उद्देश्य | उद्यमशीलता तथा सीप विकास तालिम प्रदान गरी रोजगारयुक्त उद्यमशील र सीपयुक्त जनशक्ति विकास गर्ने । |
| सञ्चालन प्रक्रिया | सार्वजनिक खर्च तथा मितव्ययीता सम्बन्धी मापदण्ड २०७९ बमोजिम कार्यक्रम सञ्चालन गर्ने। |
| अपेक्षित उपलब्धि | उद्यमशील र सीपयुक्त जनशक्ति विकास भएको हुने । |
| सञ्चालन गर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय। |

२.४४ एक जिल्ला एक उत्पादन कार्यक्रम

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.७.१५.१६८ |
| उद्देश्य | स्थानीय रुपमा अधिक क्षमता भएका वा त्यस स्थानको पहिचान बनाएका वस्तु उत्पादनसँग आवद्ध व्यक्तिलाई उक्त वस्तु उत्पादन गर्ने उद्यम स्थापनामा सहयोग गरी उक्त क्षेत्रलाई त्यस्तो वस्तु उत्पादनको पहिचान विकास गर्न सहयोग गर्ने । |
| सञ्चालन प्रक्रिया | • स्थानीय तहहरुको समन्वयमा स्थानीय रुपमा अधिक उत्पादन क्षमता भएका स्थानीय रुपमा परिचित वस्तुको छनौट छोटो गर्ने ।<br>• छनौट भएको वस्तुसँग आवद्ध स्थानीय व्यक्तिहरुको छोटो सूची तयार गर्ने ।<br>• छोटो सूचीमा परेकाहरु सञ्चालन गर्न कुनै सीप आवश्यक पर्ने भए सो सम्बन्धी तालिम दिलाउने ।<br>• उद्यम दर्ता पश्चात आवश्यक प्रविधि उपलब्ध गराउने ।<br>• उत्पादित वस्तुको बजारीकरणमा सहयोग गर्ने ।<br>• उद्यम प्रवर्द्धन तथा प्रविधि हस्तान्तरण सम्बन्धी कार्यविधिको प्रक्रिया अवलम्वन गरी कार्य सम्पन्न गर्ने । |
| अपेक्षित उपलब्धि | तुलनात्मक रुपमा लाभ हुने वा स्थानीय रुपमा पहिचान बनाएका वस्तुहरुको उत्पादनमा बृद्धि र बजारीकरणमा सहयोग पुगेको हुने । |
| सञ्चालन गर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय । |

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

२.४५ ढाका उद्योग प्रवर्द्धन

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.७.१५.२७५ |
| उद्देश्य | ढाका उद्योगमा आधारित उद्यम प्रवर्द्धन गर्न ढाकासँग सम्बन्धित उद्यम सञ्चालन गर्न इच्छुक व्यक्तिहरूलाई आवश्यक तालिम प्रदान गर्ने, उद्यम दर्ता गर्न सहयोग गर्ने र सञ्चालनका लागि आवश्यक प्रविधि उपलब्ध गराएर उद्यम सञ्चालनमा सहयोग गर्ने। |
| सञ्चालन प्रक्रिया | • विभिन्न स्थानीय तहहरूकी समन्वयमा ढाका उद्यमसँग सम्बन्धित उद्यमशील व्यक्तिहरूको पहिचान र छनौट गर्ने।<br>• निजहरूलाई उद्यम सञ्चालन गर्न कुनै सीप आवश्यक पर्ने भए सो सम्बन्धी तालिम दिलाउने।<br>• उद्यम दर्ता गर्न सहजीकरण गर्ने।<br>• उद्यम दर्ता पश्चात् आवश्यक प्रविधि उपलब्ध गराउने ।<br>• प्रविधि हस्तान्तरण सम्बन्धी कार्यविधिको प्रक्रिया अवलम्बन गरी कार्य सम्पन्न गर्ने। |
| अपेक्षित उपलब्धि | बेरोजगार अवस्थामा रहेका व्यक्तिहरू स्वरोजगार बन्ने र ढाकाजन्य उद्यमको संरक्षण, स्थानीय उत्पादनको प्रवर्द्धन, आधुनिकीकरण र पुस्तान्तरण हुने साथै व्यक्तिको जीवनस्तरमा सुधार हुने। |
| सञ्चालनगर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय। |

२.४६ महिला उद्यमी व्यवसाय प्रवर्द्धन कार्यक्रम

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.१७६ |
| उद्देश्य | महिला उद्यमीलाई उद्यमशीलता तथा सीप विकास तालिम दिइ उद्यमशील र सीपयुक्त जनशक्ति विकास गर्ने। |
| सञ्चालन प्रक्रिया | अनुसूची २ को मापदण्ड र सार्वजनिक खर्च तथा मितव्ययीता सम्बन्धी मापदण्ड २०७९ बमोजिम कार्यक्रम सञ्चालन गर्ने । |
| अपेक्षित उपलब्धि | उद्यमशील र सीपयुक्त जनशक्ति विकास भएको हुने । |
| सञ्चालन गर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय । |

२.४७ परम्परागत उद्यम प्रवर्द्धन तालिम

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५१२ |

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

| | |
|---|---|
| क्रियाकलाप कोड | २.६.४.१०७ |
| उद्देश्य | सीप विकास मार्फत परम्परागत उद्यम प्रवर्द्धन गर्ने। |
| सञ्चालन प्रक्रिया | अनुसूची २ को मापदण्ड र सार्वजनिक खर्च तथा मितव्ययीता सम्बन्धी मापदण्ड २०७९ बमोजिम कार्यक्रम सञ्चालन गर्ने । |
| अपेक्षित उपलब्धि | सीप विकास मार्फत परम्परागत उद्यम प्रवर्द्धन भएको हुने । |
| सञ्चालन गर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय । |

२.४८ स्थापन्न उद्यमीहरूका लागि स्तरोन्नति तालिम

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५१२ |
| क्रियाकलाप कोड | २.६.४.१०८ |
| उद्देश्य | सञ्चालनमा रहेका उद्यम सम्वद्ध उद्यमीहरूको स्तरोन्नति गर्ने । |
| सञ्चालन प्रक्रिया | अनुसूची २ को मापदण्ड र सार्वजनिक खर्च तथा मितव्ययीता सम्बन्धी मापदण्ड २०७९ बमोजिम कार्यक्रम सञ्चालन गर्ने । |
| अपेक्षित उपलब्धि | उद्यमीहरूको स्तरोन्नति भएको हुने । |
| सञ्चालन गर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय |

२.४९ भिन्न क्षमता भएका व्यक्तिहरूका लागि सीप विकास तालिम

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५१२ |
| क्रियाकलाप कोड | २.६.४.१०९ |
| उद्देश्य | भिन्न क्षमता भएका व्यक्तिलाइ सीप विकास तालिम दिने । |
| सञ्चालन प्रक्रिया | अनुसूची २ को मापदण्ड र सार्वजनिक खर्च तथा मितव्ययीता सम्बन्धी मापदण्ड २०७९ बमोजिम कार्यक्रम सञ्चालन गर्ने । |
| अपेक्षित उपलब्धि | भिन्न क्षमता भएका व्यक्तिको सीप विकास भएको हुने। |
| सञ्चालनगर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय |

२.५० ग्राफिक डिजाइन तालिम

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५१२ |
| क्रियाकलाप कोड | २.६.४.१५५ |
| उद्देश्य | ग्राफिक डिजाइन सम्बन्धी तालिम दिने। |
| सञ्चालन प्रक्रिया | • कार्यालयले सूचना प्रकाशन गर्ने, |

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

| | |
|---|---|
| | • सूचनाको अवधि भित्र प्राप्त संस्थाको छोटो सूची प्रकाशन र मूल्याङ्कन गर्ने,<br>• मूल्याङ्कनबाट छनोट भएका संस्थाहरूसँग प्रचलित खरिद कानूनको अधिनमा रही सम्झौता गर्ने,<br>• सम्झौता अनुसार संस्थाहरूलाई तालिमको अवधि र क्षेत्र तोकी कार्यादेश दिने,<br>• कार्यादेश अनुरूप कार्य भए नभएको सम्बन्धमा कार्यालय र मन्त्रालयले अनुगमन गर्ने। |
| अपेक्षित उपलब्धि | ग्राफिक डिजाइन गर्नसक्ने जनशक्ति तयार भएको हुने। |
| सञ्चालनगर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय |

२.५१ औद्योगिक वौद्धिक सम्पत्ति प्रवर्द्धन तालिम

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५१२ |
| क्रियाकलाप कोड | २.६.५.१६ |
| उद्देश्य | प्रदेशमा दर्ता भई सञ्चालनमा रहेका उद्योगसँग सरोकार राख्ने व्यक्तिहरुलाई ट्रेडमार्क, कलेक्टिभ ट्रेडमार्क सहित पेटेन्ट, डिजाईन, भौगोलिक चिन्ह लगायतका औद्योगिक बौद्धिक सम्पत्ति अधिकार संरक्षणका सम्बन्धमा रहेका नीति, ऐन, नियम, प्रक्रिया र अभ्यासको सम्बन्धमा जागरुक र सचेत बनाउनु । |
| सञ्चालन प्रक्रिया | • ट्रेडमार्क, कलेक्टिभ ट्रेडमार्क सहित पेटेन्ट, डिजाईन, भौगोलिक चिन्ह लगायतका औद्योगिक बौद्धिक सम्पत्ति अधिकार संरक्षणका सम्बन्धमा रहेका नीति, ऐन, नियम, प्रक्रिया र अभ्यासको सम्बन्धमा सरोकारवालालाई आन्तरिक तथा बाह्य प्रशिक्षकबाट बढीमा तीन दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• यस शीर्षकबाट कार्यक्रम संचालनार्थ सहभागीहरुको आतेजाते भ्रमण खर्च, यातायात खर्च,प्रशिक्षकको खर्च, खाजा/खाना खर्च, हलभाडा लगायतको खर्च प्रदेशको सार्वजनिक खर्च तथा मितव्ययीता सम्बन्धी मापदण्ड, २०७९ बमोजिम गर्न सकिने छ। |
| अपेक्षित उपलब्धि | उद्योगी र उद्योगसँग सरोकार राख्ने व्यक्तिहरूलाई ट्रेडमार्क, कलेक्टिभ ट्रेडमार्क सहित पेटेन्ट, डिजाईन, भौगोलिक चिन्ह लगायतका औद्योगिक बौद्धिक सम्पत्ति अधिकार संरक्षणका सम्बन्धमा रहेका नीति, ऐन, नियम, प्रक्रिया र अभ्यासको सम्बन्धमा ज्ञान हासिल गरी क्षमता अभिबृद्धि भएको हुने। |
| सञ्चालनगर्ने निकाय | मन्त्रालयको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने महाशाखा। |

२.५२ ***ICAS*** सँग सम्बन्धित अभिमुखीकरण तथा पुनर्ताजगी तालिम

| क | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५१२ |
| क्रियाकलाप कोड | २.६.६.६३ |

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

| | |
|---|---|
| उद्देश्य | मन्त्रालयबाट लागू गरिएको उद्योग तथा वाणिज्य प्रशासन प्रणाली (ICAS) को सम्बन्धमा मन्त्रालय तथा कार्यालयहरुमा कार्यरत कर्मचारी तथा उद्योग वाणिज्यसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधि (सम्भावित सेवाग्राही) हरूलाई प्रणाली सञ्चालन सम्बन्धमा अभ्यस्त बनाउने । |
| सञ्चालन प्रक्रिया | • स्वीकृत पाठ्यक्रम अनुरूप कार्यालयहरूलाई पायक पर्ने स्थानमा कम्तिमा २ (दुइ) दिवसीय कार्यक्रम सञ्चालन गर्ने। |
| अपेक्षित उपलब्धि | सम्बन्धित कर्मचारी तथा सम्भावित सेवाग्राहीहरू प्रणालीका सम्बन्धमा जानकार भइ प्रणालीको प्रभावकारितामा वृद्धि भएको हुने । |
| सञ्चालनगर्ने निकाय | मन्त्रालयको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने महाशाखा। |

२.५३ मागमा आधारित कर्मचारी तालिम

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५११ |
| क्रियाकलाप कोड | २.६.१.२५ |
| उद्देश्य | मन्त्रालय र मातहतका निकायलाई मागमा आधारित एवं कार्यसम्पादनसँग सम्बन्धित तालिम प्रदान गर्ने। |
| सञ्चालन प्रक्रिया | • पत्राचार मार्फत सम्बन्धित कर्मचारीहरूको माग सङ्कलन गर्ने ।<br>• माग बमोजिमको विषयहरुमा बाह्य तथा आन्तरिक श्रोत व्यक्तिद्वारा कम्तिमा दुई दिने तालिम प्रदान गर्न सकिनेछ ।<br>• यस शीर्षक अन्तर्गत खर्च गर्दा सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ बमोजिम गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धि | कर्मचारीहरूको क्षमता विकास भएको हुने |
| सञ्चालनगर्ने निकाय | मन्त्रालय र घरेलु तथा साना उद्योग कार्यालय |

२.५४ स्थानीय तहमा कार्यरत उद्योग प्रशासनसँग सम्बद्ध कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिमः

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५११ |
| क्रियाकलाप कोड | २.६.१.३७ |
| उद्देश्य | सम्बन्धित स्थानीय तहको कार्यक्षेत्रसँग सम्बन्धित उद्योग वाणिज्य प्रशासन सम्बन्धी विषय वा कर्मचारीको क्षमता विकासका लागि तालिम प्रदान गर्नु । |
| सञ्चालन प्रक्रिया | यो कार्यक्रम देहाय बमोजिम सञ्चालन गर्नुपर्नेछः<br>• यस कार्यक्रम अन्तर्गत उद्योग व्यवसायसँग सम्बन्धित कानून लगायतका विषयहरुमा बाह्य तथा आन्तरिक श्रोत व्यक्तिद्वारा बढीमा दुई दिने तालिम प्रदान गर्न सकिनेछ ।<br>• यस शीर्षक अन्तर्गत खर्च गर्दा सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ बमोजिम गर्नुपर्नेछ । |

राम प्रसाद महतो
मन्त्री

| | |
|---|---|
| अपेक्षित उपलब्धि | स्थानीय तहको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा कर्मचारीको क्षमता विकास भई उच्च मनोबलका साथ सेवा प्रवाह हुने । |
| सञ्चालनगर्ने निकाय | मन्त्रालयको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने महाशाखा |

(ङ) परामर्श तथा विज्ञ सेवा

२.५५ ***ICAS*** सफ्टवेयर संचालन खर्च

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२४११ |
| क्रियाकलाप कोड | २.५.२.२० |
| उद्देश्य | मन्त्रालयबाट लागू गरिएको उद्योग तथा वाणिज्य प्रशासन प्रणाली (ICAS) सञ्चालन गर्दा देखा पर्नसक्ने प्राविधिक समस्या समाधान तथा तात्कालिक आवश्यकता अनुरूप प्रणालीमा संशोधन गर्नु । |
| सञ्चालन प्रक्रिया | • परामर्शदाताको कार्यक्षेत्र, ICAS प्रणाली सञ्चालनका लागि आवश्यकता, विज्ञता लगायतका विषय समेटी परामर्शदाताका लागि कार्यसूची तयार गर्ने ।<br>• प्रचलित सार्वजनिक खरिद कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी परामर्शदाता छनोट गर्ने।<br>• परामर्शदातासँग सम्झौता गरी कार्य सम्पन्न गर्ने । |
| अपेक्षित उपलब्धि | प्रणालीमा देखिन सक्ने प्राविधिक समस्या समाधान हुने र प्रणालीमा सामयिक संशोधन भएको हुने। |
| सञ्चालन गर्ने निकाय | मन्त्रालयको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने महाशाखा। |

२.५६ ***ICAS*** मा ***Document*** अद्यावधिक कार्यक्रम

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२४११ |
| क्रियाकलाप कोड | २.५.३.१५ |
| उद्देश्य | उद्योग तथा वाणिज्य फर्मसँग सम्बन्धित विवरण र कागजातको विद्युतीकरण गरी मन्त्रालयबाट लागू गरिएको उद्योग तथा वाणिज्य प्रशासन प्रणाली (ICAS) मा प्रविष्ट गर्ने। |
| सञ्चालन प्रक्रिया | • परामर्शदाताको कार्यक्षेत्र, प्रविष्ट गर्नुपर्ने विवरण, विद्युतीकरण गर्नुपर्ने कागजात, कागजातको विद्युतीय ढाँचा लगायतका विषय समेटी परामर्शदाताका लागि कार्यसूची तयार गर्ने।<br>• प्रचलित सार्वजनिक खरिद कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी परामर्शदाता छनोट गर्ने।<br>• परामर्शदातासँग सम्झौता गरी कार्यसम्पन्न गर्ने । |

राम प्रसाद महतो
मन्त्री

| | |
|---|---|
| अपेक्षित उपलब्धि | उद्योग तथा वाणिज्य फर्म सम्बन्धी कार्य गर्ने प्रदेशभरका सबै निकायको कागजात विद्युतीकरण भएको हुने । |
| सञ्चालनगर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय। |

२.५७ पदमार्ग प्रभावक्षेत्र लक्षित पशुपन्छी उत्पादन कार्यक्रमः

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.७.१८.१९४ |
| उद्देश्य | पदमार्गको प्रभावक्षेत्रलाई लक्षित गरी पशुपन्छीको उत्पादन बृद्धि गर्ने। |
| सञ्चालन प्रक्रिया | • पदमार्ग क्षेत्रमा व्यवसाय गरि रहेका वा व्यवसाय गर्न चाहने उद्यमशिल सोच भएको व्यक्तिलाई पशुपन्छी उपलब्ध गराउने।<br>• प्रचलित सार्वजनिक खरिद कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी कार्यसम्पन्न गर्ने । |
| अपेक्षित उपलब्धि | पदमार्ग प्रभावक्षेत्रमा पशुपन्छीको उत्पादन वृद्धि भई जीवस्तरमा सुधार भएको हुने। |
| सञ्चालनगर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय। |

२.५८ स्वास्थ्यलाई हानी पुर्याउने प्लास्टिकजन्य वस्तुको न्यूनिकरण सचेतना कार्यक्रमः

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.७.२५.९५ |
| उद्देश्य | स्वास्थ्यलाई हानी गर्ने प्लास्टिकजन्य वस्तुको न्यूनिकरणमा सचेतना फैलाउने। |
| सञ्चालन प्रक्रिया | • स्वास्थ्यलाई हानी गर्ने प्लास्टिकजन्य वस्तुको न्यूनिकरण गर्ने बारेमा विद्युतीय सञ्चार माध्यम, पत्रपत्रिका, माइकिङ तथा अन्य विभिन्न सञ्चार माध्यमबाट प्रकाशन तथा प्रसारण गर्ने।<br>• स्वास्थ्यलाई हानी गर्ने प्लास्टिकजन्य वस्तुको न्यूनिकरण सम्बन्धी पोष्टर, पम्प्लेट, होर्डिङ बोर्ड लगायत अन्य प्रचार प्रसार सामाग्री उत्पादन तथा प्रकाशन एवं वितरण गर्ने।<br>• कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रकाशन गर्न आवश्यक ठानेका अन्य स्वास्थ्यलाई हानी गर्ने प्लास्टिकजन्य वस्तुको न्यूनिकरण सम्बन्धी जनचेतनामूलक सामाग्रीहरु प्रकाशन तथा प्रसारण गर्ने । |
| अपेक्षित उपलब्धि | स्वास्थ्यलाई हानी गर्ने प्लास्टिकजन्य वस्तुको न्यूनिकरणका सम्बन्धमा सचेतना अभिवृद्धि भएको हुने। |
| सञ्चालनगर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय। |

२.५९ उद्योगको स्कीम अध्ययन र उद्योग वाणिज्य प्रशासन तालिमः

| शीर्षक | विवरण |
|---|---|

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

| | |
|---|---|
| खर्च शीर्षक नं. | २२५१२ |
| क्रियाकलाप कोड | २.६.४.१६० |
| उद्देश्य | उद्योगको स्कीमको अध्ययन र उद्योग वाणिज्य दर्ता प्रकृयाबारे ज्ञान हासिल गर्ने। |
| सञ्चालन प्रक्रिया | यो कार्यक्रम देहाय बमोजिम सञ्चालन गर्नु पर्नेछः<br>• यस कार्यक्रम अन्तर्गत उद्योगसँग सम्बन्धित स्कीम अध्ययनका लागि बाह्य तथा आन्तरिक दक्ष प्राबिधिक श्रोत व्यक्तिद्वारा बढीमा दुई दिने तालिम प्रदान गर्न सकिनेछ ।<br>• त्यसै गरी उद्योग वाणिज्य प्रशासनसँग सम्बन्धित अनुभव प्राप्त श्रोत ब्यक्तिबाट तालिम प्रदान गरिनेछ।<br>• यस शीर्षक अन्तर्गत खर्च गर्दा सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ बमोजिम गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धि | उद्योगको स्कीम अध्ययनमा दक्षता हासिल भएको हुने। |
| सञ्चालनगर्ने निकाय | मन्त्रालयको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने महाशाखा। |

२.६० निजी क्षेत्रसँग ***Koshi Provincial Business Summit*** मा सहयोग कार्यक्रमः

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.१६५ |
| उद्देश्य | Provincial Summit मा सहयोग गरी स्थानीय उत्पादनको बजारीकरणमा टेवा पुर्याउने |
| सञ्चालन प्रक्रिया | यो कार्यक्रम देहाय बमोजिम सञ्चालन गर्नु पर्नेछः<br>• यस कार्यक्रम अन्तर्गत स्थानीय कच्चापदार्थमा आधारित उत्पादनको प्रबर्द्धन र बजारीकरणको उद्देश्यले प्रदेशस्तरमा हुने Business Summit मा सहयोग गर्न सकिनेछ।<br>• यस्तो किसिमको सहयोग उद्यमीको स्टल, यातायात, खाना तथा खाजामा खर्च गर्न सकिनेछ।<br>• यस शीर्षक अन्तर्गत खर्च गर्दा सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ बमोजिम गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धि | स्थानीय उत्पादनको प्रबर्द्धन र विकास भएको हुने। |
| सञ्चालनगर्ने निकाय | मन्त्रालयको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने महाशाखा। |

२.६१ निजी क्षेत्रको सहयोगमा ***Business Incubation Center*** स्थापना र सञ्चालन कार्यक्रमः

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.१६३ |
| उद्देश्य | Business Incubation Center स्थापनाका लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्न मेशिनरी उपकरण र प्राबिधिक सहायता उपलब्ध गराउने। |

राम प्रसाद महतो
मन्त्री

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश, नेपाल

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | यो कार्यक्रम देहाय बमोजिम सञ्चालन गर्नु पर्नेछः<br>• यस कार्यक्रम अन्तर्गत निजी क्षेत्र र निजी क्षेत्रका संघ संस्थाबाट स्थापना हुने Business Incubation Center स्थापना र सञ्चालनमा सहयोग उपलब्ध गराईनेछ।<br>• यस्तो किसिमको सहयोग मेशिनरी उपकरण र प्राबिधिक सहायताका रुपमा हुनेछ।<br>• यस शीर्षक अन्तर्गत खर्च गर्दा प्रचलित सार्बजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नु पर्नेछ । |
| अपेक्षित उपलब्धि | Incubation Center को स्थापना र सञ्चालन भई सो सँग सम्बन्धित सेवा उपलब्ध भएको हुने। |
| सञ्चालनगर्ने निकाय | मन्त्रालयको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने महाशाखा। |

२.६२ निजी क्षेत्रको साझेदारीमा उद्योग वाणिज्य तालिम सम्बद्ध द्रुत बजार सर्बेक्षण ***(Rapid Market Appraisal)***

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५१२ |
| क्रियाकलाप कोड | २.६.४.१७४ |
| उद्देश्य | बजार मागको आधारमा तालिमको आबश्यकता पहिचान गरी माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने। |
| सञ्चालन प्रक्रिया | यो कार्यक्रम देहाय बमोजिम सञ्चालन गर्नु पर्नेछः<br>• यस शीर्षक अन्तर्गत खर्च गर्दा सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ बमोजिम गर्नु पर्नेछ। |
| अपेक्षित उपलब्धि | स्थानीय उत्पादनको प्रबर्द्धन र विकास भएको हुने । |
| सञ्चालनगर्ने निकाय | मन्त्रालयको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने महाशाखा । |

२.६३ सीप विकास तालिम

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.५.११.१७५ |
| उद्देश्य | सीप विकास तालिम दिने |
| सञ्चालन प्रक्रिया | अनुसूची २ को मापदण्ड र सार्वजनिक खर्च तथा मितव्ययीता सम्बन्धी मापदण्ड २०७९ बमोजिम कार्यक्रम सञ्चालन गर्ने । |
| अपेक्षित उपलब्धि | उद्यमिहरुको सीप विकास भएको हुने । |
| सञ्चालनगर्ने निकाय | घरेलु तथा साना उद्योग कार्यालय |

२.६४ उद्योगहरुको तथ्याँक संकलन, प्रशोधन र प्रकाशन

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| क्रियाकलाप कोड | २.७.५.८२ |

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

| | |
|---|---|
| उद्देश्य | कोशी प्रदेशमा दर्ता भएका,खारेजी भएका उद्योगहरुको बारेमा जानकारी उपलब्ध गराउनु। |
| सञ्चालन प्रक्रिया | • उद्योग सञ्चालनका लागि आवश्यक कानूनी प्रक्रिया, उत्पादन प्रक्रिया, उपलब्ध वा सम्भाव्य प्रविधि, कच्चा पदार्थ, सीप तथा तालिम लगायतका विषयहरू समेटी पुस्तिका प्रकाशन गर्न।<br>• मन्त्रालय र घरेलु तथा साना उद्योग कार्यालयहरूले आफूले सम्पादन गरेका कार्यहरू (जस्तैः उद्योग, व्यवासयको दर्ता, नवीकरण, क्षमता वृद्धि, ठाउँ सारी, उद्देश्य परिवर्तन लगायत) को विस्तृत जानकारीहरु संलग्न गरी प्रकाशन गर्न।<br>• कार्यक्रम सम्पन्न गर्नका लागि सम्बन्धित विज्ञहरुसँग छलफल, राय संकलन, बैठक, परामर्श सेवा, छपाई, प्रचार प्रसार सामाग्री उत्पादन तथा प्रकाशन, वितरण, आवश्यकता अनुसार विद्युतीय माध्यम, पत्रपत्रिका तथा अन्य विभिन्न सञ्चार माध्यमबाट प्रचार प्रसार सम्बन्धी कार्यमा विनियोजित रकम खर्च गर्न सकिनेछ। |
| अपेक्षित उपलब्धि | प्रदेशका उद्यमी तथा व्यवसायीहरु तथा नयाँ उद्यमी हुन चाहनेहरुमा उद्योग सञ्चालनका लागि आवश्यक कानूनी प्रक्रिया, उत्पादन प्रक्रिया, उपलब्ध वा सम्भाव्य प्रविधि, कच्चा पदार्थ, सीप तथा तालिम लगायतका विषयहरूको बारेमा जानकारी प्राप्त हुने । |
| सञ्चालनगर्ने निकाय | मन्त्रालको उद्योग,बाणिज्य सम्बन्धी विषय हेर्ने महाशाखा |

राम प्रसाद महतो
मन्त्री

उद्योग, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार कोशी प्रदेश, नेपाल

## परिच्छेद - तीन
## प्रगति- प्रतिवेदन

### ३.१ प्रतिवेदन प्रणाली

मार्गदर्शन बमोजिम कार्यक्रम सञ्चालन गर्दा स्वीकृत भए बमोजिम वा सम्झौता बमोजिम काम सम्पन्न भई प्रतिवेदन तथा बिल भर्पाई लगायतका आवश्यक कागजात प्राप्त भएपछि मन्त्रालय वा कार्यालयले नियमानुसार रकम भुक्तानी गर्नेछ।

मार्गदर्शन बमोजिम कार्यालयबाट कार्यान्वन भएका कार्यक्रमहरूको प्रगति प्रतिवेदन आ.व.को जुन त्रैमासिक अवधिमा सम्पन्न भएको हो, सो त्रैमासिक समाप्त भएको सात दिन भित्रमा कार्यालयहरूले मन्त्रालय पठाउनु पर्नेछ। कार्यक्रम कार्यान्वयन गर्ने क्रममा कार्यालयबाट प्रकाशन गरिएका पुस्तिका, ब्रोसर लगायतका प्रकाशित सामग्रीका केही प्रति प्रकाशन भएको त्रैमासिक अवधि भित्रै मन्त्रालयमा पठाउनु पर्नेछ। जिल्ला उद्योग प्रवर्द्धन समन्वय समिति लगायतका समितिबाट भएको निर्णयको एक प्रति तत्कालै मन्त्रालय पठाउनु पर्नेछ र समितिको निर्णयानुसार गरिएको कार्यको प्रगति त्रैमासिक प्रगति प्रतिवेदनमा समावेश गर्नु पर्नेछ। आर्थिक वर्ष समाप्त भएको सात दिन भित्रमा वार्षिक प्रगति प्रतिवेदन तयार गरी मन्त्रालय पठाउनु पर्नेछ।

मन्त्रालयबाट सम्पादन हुने कार्यक्रमको प्रगति सम्बन्धित महाशाखाले त्रैमासिक रूपमा सचिव समक्ष पेश गर्नु पर्नेछ। प्रदेश औद्योगिक व्यवसाय मञ्च लगायतका समितिको निर्णय तत्कालै सचिव समक्ष पेश गर्नु पर्नेछ। निर्णय कार्यान्वयनको प्रगति त्रैमासिक प्रगति प्रतिवेदनमा समावेश गर्नु पर्नेछ। आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्रमा महाशाखाले कार्यालयहरूको प्रगति सहितको एकमुष्ठ प्रगति प्रतिवेदन तयार गरी सचिव समक्ष पेश गर्नु पर्नेछ ।

### ३.२ प्रतिवेदनको ढाँचा

मार्गदर्शन बमोजिम कार्यान्वयन हुने कार्यक्रमहरूको प्रगति प्रतिवेदन तयार गर्दा आर्थिक वर्षको प्रत्येक त्रैमासिकको त्रैमासिक प्रतिवेदन तयारी गर्ने समयमा कार्यान्वयनको जे जस्तो अवस्था छ सो सम्बन्धी प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ। मन्त्रालयले माग गरेको अवस्थमा माग गरेको बखत र माग नगरेको अवस्थामा त्रैमासिक प्रतिवेदन पेश गर्दा कार्यक्रमको प्रगति समेत तयार गरी पेश गर्नु पर्नेछ।

क) प्रविधि सहयोग सम्बन्धी कार्यक्रमहरूको प्रगति प्रतिवेदन

प्रविधि सहयोग सम्बन्धी कार्यक्रमहरू सम्पन्न भई नसकेको अवस्थामा देहायको अवस्थाका प्रतिवेदन पठाउनु पर्नेछ ।

अ) सूचना प्रकाशन भएको मिति र समाप्त हुने मिति (दोश्रो, तेश्रो पटक प्रकाशित गरेको भए सो समेत)

आ) प्रत्येक विषय वा क्रियाकलापका लागि प्राप्त भएको आवेदन संख्या (महिला, संयुक्त वा पुरूषको नाममा दर्ता भएकाको संख्या छुट्टाछुट्टै उल्लेख गर्ने)

इ) आवेदन प्राप्त गरेको, मूल्याङ्कन भएको, निरीक्षण भएको, सहयोग प्रदान भएको आदि प्रत्येक अवस्थाको संख्या खुलाउने,

कार्यक्रम सम्पन्न भइसकेको अवस्थामा देहायको प्रगति प्रतिवेदन पठाउनु पर्नेछ।

राम प्रसाद महतो
मन्त्री

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश, नेपाल

| कार्यक्रम/क्रियाकलापः ............................................. (जस्तैः उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रम) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | प्रविधि सहयोग पाउने उद्योगको विवरण | | | | सम्वद्ध उद्यमीको विवरण | | सहयोग गरिएको प्रविधि | जम्मा मूल्य रू | कार्यालयले सहयोग गरेको रकम रू |
| | उद्योगको नाम | दर्ता नं. | दर्ता मिति | उद्योगस्थलको ठेगाना | नाम | मोबाइल नं. | | | |
| | | | | | | | | | |

ख) तालिम सञ्चालनको प्रगति प्रतिवेदन

त्रैमासिक अवधिसम्म सम्पन्न भएका तालिम कार्यक्रमको देहाय बमोजिमको ढाँचामा प्रतिवेदन पठाउनु पर्नेछ ।

| क्र.सं. | स्वीकृत वार्षिक कार्यक्रमको क्रियाकलाप | तालिमको विषय | सहभागी संख्या | | | तालिम अवधि | तालिम सम्पन्न मिति | तालिम आयोजना गरिएको स्थान | भएको खर्च रू | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | जम्मा | | | | | |
| | | | | | | | | | | |

ग) उद्योग अनुगमन सम्बन्धी प्रतिवेदन

मन्त्रालय वा कार्यालयले उद्योगको स्थलगत अनुगमन तथा निरीक्षण गर्दा प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० को अनुसूची-२० बमोजिमको ढाँचामा प्राप्त सूचनालाई आधार मानी देहाय बमोजिमको प्रतिवेदन तयार गर्नु पर्नेछ ।

| क्र. सं. | उद्योगको विवरण | | | अनुगमन मिति | अनुगमन टोली प्रमुखको नाम र पद | उद्योगको स्थलगत अवस्था | | | दिइएको सुझाव वा निर्देशन | कैफियत ** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | ठेगाना | दर्ता नं. | | | सञ्चालन अवस्था | कार्यरत कामदार सङ्ख्या | कागजातको उपलब्धता* | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

*उपलब्ध हुनुपर्ने कुनै कागजात उपलब्ध नभएको वा प्राप्त नगरेको भए सो जनाउने ।

**नियमानुसार कार्यालयमा दर्ता नभएको, कुनै जरिवाना वा दण्ड सजाय गरिएको लगायतका कैफियत फेला परेमा जनाउने ।

घ) बजार अनुगमनको प्रतिवेदन

मन्त्रालय वा कार्यालयले प्रचलित कानून बमोजिम गरेको बजार अनुगमनको प्रतिवेदन देहायको ढाँचामा तयार गर्नु पर्नेछ।

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश

| क्र.सं | अनुगमन मिति | अनुगमन टोली प्रमुखको नाम र पद | अनुगन गरिएको स्थान | अनुगमन गरिएको व्यापारिक प्रतिष्ठाको सङ्ख्या | नियमानुसर दर्तानभका व्यापारिक प्रतिष्ठानको सङ्ख्या | व्यापारिक प्रतिष्ठानलाई गरिएको कारबाहीको विवरण | | | | कैफित |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | नसिहत, चेतानी दिइको सङ्ख्या | जरिवना गरिको सङ्ख्या | बन्द गरिको सङ्ख्या | जरिवाना रकम रू | |
| | | | | | | | | | | |

ङ) अन्य प्रवर्द्धनात्मक कार्यक्रमहरूको प्रगति प्रतिवेदन

प्रविधि सहयोग र तालिम बाहेकका अन्य कार्यक्रमहरूको हकमा त्रैमासिक अवधिसम्म सम्पन्न भएका कार्यक्रमहरूको प्रगति देहायको ढाँचामा पठाउनु पर्नेछ ।

| कार्यक्रम/क्रियाकलाप | कार्यक्रमको संख्या | जम्मा सहभागी संख्या | जम्मा खर्च रू |
|---|---|---|---|
| जस्तैः घुम्ति सेवा, उपभोक्ता अधिकार सम्बन्धी सचेतना गोष्ठी, उद्योग दिवस, अवलोकन भ्रमण आदि) | | | |
| | | | |

---oooo---

राम प्रसाद महतो
मन्त्री

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश, नेपाल

अनुसूची – १

## लघु, घरेलु तथा साना उद्यमी सम्वद्ध मेला महोत्सव सञ्चालन सहयोग मापदण्ड

(खर्च शीर्षक २२५२२, क्रियाकलाप नं. ..... को कार्यान्वयनसँग सम्बन्धित)

१. संस्थाको योग्यता:- (१) मेला सहयोग प्राप्त गर्न चाहने संस्थाको देहायको योग्यता पुगेको हुनु पर्नेछ ।

क) संस्थाको उद्देश्य लघु, घरेलु तथा साना उद्यम विकाससँग सम्बन्धित हुनुपर्नेछ वा लघु, घरेलु तथा साना उद्यमीहरूको प्रतिनिधित्व गर्ने छाता संस्थाको रूपमा गठन भएको हुनु पर्नेछ।

ख) संस्था दर्ता सम्बन्धी प्रचलित नियमानुसार दर्ता भएको एक वर्ष पूरा भएको र नवीकरण अवधि बहाल रहेको हुनु पर्नेछ।

ग) संस्थाको आधिकारिक समितिबाट सहयोगका लागि मेलाको विषयवस्तु, प्रवेश शुल्क लगायतका विषय खुलेको निर्णय गरेको हुनुपर्नेछ। निर्णयमा जिम्मेवार सदस्यलाई सम्झौता गर्ने अधिकारनामा दिएको हुनु पर्नेछ।

घ) संस्थाको आधिकारिता वा आवद्धता सम्बन्धी विवाद नरहेको स्वःघोषणा गर्नुपर्ने छ। यस सम्बन्धमा उजुरी परेमा छानबिन गरी टुङ्गो नलागेसम्म सहयोगका लागि योग्यता पुगेको मानिने छैन।

ङ) मेला आयोजनाका लागि आयोजनास्थल सम्बन्धमा पूर्व स्वीकृति प्राप्त गरेको हुनु पर्नेछ।

च) संस्थाको सक्रिय सदस्य संख्या खुल्ने अभिलेख अद्यावधिक रहेको हुनु पर्नेछ।

छ) मेला सञ्चालनका लागि आवश्यक लागतको कम्तिमा २० प्रतिशत लागत साझेदारी गर्न सक्षम भएको हुनुपर्नेछ।

(२) उपखण्ड (१) को योग्यता नपुगेको संस्थालाई मेला सहयोगका लागि छनौट गरिनेछैन।

२. प्रस्ताव पेश गर्नुपर्ने: मन्त्रालयले सूचना वेभसाइटमा प्रकाशन गरे पश्चात् देहायका कागजात सहित प्रदेशस्तरीय मेला सञ्चालनका लागि मन्त्रालयमा र जिल्ला/स्थानीय स्तरीय मेलाका लागि सम्बन्धित जिल्ला स्थित कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ।

क) आधिकारिता वा आवद्धता सम्बन्धमा विवाद नरहेको स्वःघोषणा सहितको निवेदन,

ख) नवीकरण अवधि बहाल रहेको संस्था दर्ता प्रमाणपत्रको छायाँप्रति,

ग) विनियमावली वा सो सरहको कागजातको छायाँप्रति,

घ) आधिकारिक समितिको निर्णयको छायाँप्रति,

ङ) आधिकारिक समिति सदस्यहरूको नामावली र आवद्ध सक्रिय सदस्यता संख्या खुल्ने कागजातको छायाँप्रति,

च) आयोजनास्थलको पूर्व स्वीकृति सम्बन्धी पत्र वा सम्झौताको छायाँप्रति,

छ) लागत अनुमान तथा लागत साझेदारी प्रस्ताव,

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

ज) अनुभव भएको हकमा प्रत्येकको कारोबार रकम खुल्ने कागजात वा सम्बन्धित लेखापरीक्षण प्रतिवेदन

३. <u>संस्था छनौटका आधारहरू:-</u> (१) औद्योगिक मेला सहयोगका लागि कूल पूर्णाङ्क १०० मानी देहाय अनुसार अङ्क प्राप्त गर्ने संस्था छनौट गरिनेछ ।

| विषय | पूर्णाङ्क |
|---|---|
| १. संस्थाको अस्तित्त्व | १० |
| क) ५ वर्ष भन्दा बढी | १० |
| ख) ३ देखि ५ वर्ष सम्म | ८ |
| ग) १ देखि ३ वर्ष सम्म | ६ |
| घ) १ वर्ष भन्दा कम | ० |
| २. जम्मा स्टल संख्याको अनुपातमा निःशुल्क स्टल संख्याको उपलब्धता (प्रतिशत) | १० |
| क) शत प्रतिशत | १० |
| ख) ७५ देखि ९९ प्रतिशत | ८ |
| ग) ५० देखि ७५ प्रतिशत | ६ |
| घ) २५ देखि ५० प्रतिशत | ४ |
| ङ) २५ प्रतिशत भन्दा कम | २ |
| ३. संस्थाको तर्फबाट लागत साझेदारी प्रस्ताव (प्रतिशत) | १५ |
| क) ८० प्रतिशत भन्दा बढी | १५ |
| ख) ६० देखि ८० प्रतिशत | १२ |
| ग) ४० देखि ६० प्रतिशत | ९ |
| घ) २० देखि ४० प्रतिशत | ६ |
| ङ) २० प्रतिशत भन्दा कम | ० |
| ४. मेलाको विषयवस्तु | १५ |
| क) स्वदेशी वस्तुको प्रदर्शनी (बिक्री समेत) | १५ |
| ख) स्वदेशी र आयातित वस्तुको प्रदर्शनी र बिक्री | १२ |
| ग) आयातित वस्तुको प्रदर्शनी (बिक्री समेत) | ८ |
| घ) वस्तु विशेषको प्रदर्शनी र बिक्री | ८ |
| ङ) रोजगार मेला | ८ |
| च) श्रम मेला | ८ |
| छ) वस्तु बिक्री मात्र | ६ |

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

| | |
|---|---|
| ज) प्रदर्शनी, फुडकोर्ट आदि मात्र | ६ |
| **५. प्रवेश टिकटको मूल्य** | १० |
| क) निःशुल्क | १० |
| ख) सशुल्क (रू १०० भन्दा कम) | ८ |
| ग) सशुल्क (रू १०० देखि ३०० सम्म) | ६ |
| घ) सशुल्क (रू ३०० देखि ५०० सम्म) | ४ |
| ङ) सशुल्क (रू ५०० भन्दा बढी) | २ |
| **६. विगतमा मेला महोत्सव आयोजना गरेको अनुभव** | १५ |
| क) विगत ५ वर्षको अवधिमा २ वा सो भन्दा बढी | १५ |
| ख) विगत ५ वर्षको अवधिमा १ वटा | १० |
| ग) विगत १० वर्षको अवधिमा २ वा सो भन्दा बढी | १० |
| घ) विगत १० वर्षको अवधिमा १ वटा | ६ |
| **७. पछिल्लो पटक आयोजना गरिएको मेलाको स्टलको जम्मा संख्या** | १० |
| प्रदेश स्तरीय मेलाको हकमा- | |
| क) ५०० भन्दा बढी | १० |
| ख) ३०० देखि ५०० सम्म | ७ |
| ग) १५० देखि ३०० सम्म | ५ |
| घ) ५० देखि १५० सम्म | ३ |
| ङ) ५० भन्दा कम | १ |
| जिल्ला स्तरीय/ स्थानीय तहको क्षेत्रमात्र हुने मेलाको हकमा- | |
| च) ५० भन्दा बढी | १० |
| छ) ३५ देखि ५० सम्म | ७ |
| ज) २० देखि ३५ सम्म | ५ |
| झ) १० देखि २० सम्म | ३ |
| ञ) १० भन्दा कम | १ |
| **८. पछिल्लो पटक आयोजना गरिएको मेलाको जम्मा सहभागी संख्या** | १५ |
| प्रदेशस्तरीय मेलाको हकमा- | |
| क) १ लाख भन्दा बढी | १५ |
| ख) ७५ हजार देखि १ लाखसम्म | १२ |

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

| | |
|---|---|
| ग) ५० हजार देखि ७५ हजारसम्म | ९ |
| घ) २५ हजार देखि ५० हजार सम्म | ६ |
| ङ) २५ हजार भन्दा कम | ३ |
| जिल्लास्तरीय/ स्थानीय तहको क्षेत्रमात्र हुने मेलाको हकमा- | |
| क) २५ हजार भन्दा बढी | १५ |
| ख) १५ हजार देखि २५ हजारसम्म | १२ |
| ग) १० हजार देखि १५ हजारसम्म | ९ |
| घ) ५ हजार देखि १० हजार सम्म | ६ |
| ङ) ५ हजार भन्दा कम | ३ |

(२) उपखण्ड (१) बमोजिमको प्राप्ताङ्क र बजेटको उपलब्धताको आधारमा सहयोग रकम निर्धारण गरिनेछ। जम्मा पूर्णाङ्क १०० मानी प्राप्ताङ्कलाई प्रदेशस्तरीय मेलाको हकमा १०००० ले गुणन गरेर आउने अङ्क सम्मको रकम वा जिल्लास्तरीय मेलाको हकमा ७००० ले गुणन गरेर आउने अङ्क सम्मको रकम सहयोग गरिनेछ वा स्थानीय तहको क्षेत्रमात्र समेटने गरी कार्यान्वयन हुने मेलाको हकमा ५००० ले गुणन गरेर आउने अङ्क सम्मको रकम सहयोग गरिनेछ ।

(३) एक मेला कार्यक्रमका लागि प्रदेशस्तरीय मेलाको हकमा मन्त्रालयले अधिकतम् दश लाख रूपैयाँ भन्दा बढी सहयोग  गर्ने छैन ।जिल्लास्तरीय मेलाको हकमा कार्यालयले सात लाख रूपैयाँ भन्दा बढी रकम सहयोग गर्ने छैन । सम्बन्धित स्थानीय तहको क्षेत्रमात्र समेटने गरी कार्यान्वयन हुने मेलाको हकमा कार्यालयले वा प्रदेश सरकारबाट सशर्त अनुदान प्राप्त गरेका स्थानीय तहले पाँच लाख रूपैयाँ भन्दा बढी रकम सहयोग गर्ने छैन।

४. <u>प्रस्तावको अस्वीकृति:</u> माथिका वाक्यहरूमा जे सुकै लेखिएको भएतापनि देहायको अवस्थामा मेला सहयोगको लागि प्रस्ताव स्वीकृत गरिने छैन ।

(क) खण्ड १ बमोजिम अयोग्य ठहर भएमा,

(ख) सहयोग प्राप्त गरेको कुनै संस्थाले मेला आयोजना गरिसकेको एउटै आयोजनास्थलमा तीन महिना नपुगी अर्को संस्थाले मेला आयोजनाको प्रस्ताव गरेमा,

(ग) सहयोग प्राप्त गरिसकेको संस्थाले दोहोर्याएर प्रस्ताव पेश गरेमा,

(घ) झुट्ठा कागजात वा विवरण पेश गरेको प्रमाणित भएमा,

(ङ) संस्थाको आधिकारिता तथा आवद्धता सम्बन्धी वा आयोजनास्थल सम्बन्धी कुनै पनि किसिमको विवादको अवस्था रहेमा,

(च) लागत अनुमान तथा लागत साझेदारी प्रस्ताव उचित नदेखिएमा,

५. <u>विविध:</u> (१) एकै पटक धेरै प्रस्ताव पेश भएमा माग भए बमोजिमको कागजात पुरा गरेका पहिलो दर्ता हुने प्रस्तावलाई मेला सहयोगको लागि प्राथमिकता निर्धारण गरिनेछ ।

(२) मन्त्रालयले सूचना प्रकाशन गरी तोकिएको म्याद नाघे पछि प्राप्त प्रस्ताव उपर कारबाही गरिने छैन ।

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

## अनुसूची-२

### एक स्थानीय तह एक विशिष्ट उद्यम कार्यक्रम सञ्चालन मापदण्ड

१. यो कार्यक्रममा सहभागी हुने उद्यमले आवेदन साथ देहायका कागजात संलग्न गर्नुपर्नेछ ।

क) नवीकरण अवधि बहाल रहेको उद्योग दर्ता प्रमाणपत्र,

ख) स्थायी लेखा नम्बर प्रमाणपत्र,

ग) कर चुक्ता प्रमाणपत्र,

घ) लेखापरीक्षण प्रतिवेदन वा आयव्यय विवरण,

ङ) प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० को अनुसूची १४ को विवरण ।

२. छोटोसूची तयार गर्नु अघि घरेलु तथा साना उद्योग कार्यालयले उद्यमको स्थलगत निरीक्षण गरी प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८० को अनुसूची २० को विवरण सङ्कलन गर्नु पर्नेछ ।

३. देहायको विषयहरू अध्ययन गरी घरेलु तथा साना उद्योग कार्यालयले निर्वाचन क्षेत्रगत रूपमा छोटो सूची तयार गर्नुपर्नेछ ।

क) दर्ता भए पश्चात् नवीकरण, पुँजी अद्यावधिक लगायतका नियमानुसार गर्नुपर्ने कार्य समयमा गरेको,

ख) नियमित करचुक्ता गरेको,

ग) उद्यमी स्वयम् वा एकाघरका बाहेक अन्यलाई नियमित रोजगारी प्रदान गरेको,

घ) स्थानीय रोजगारी सिर्जनामा योगदान गरेको,

ङ) दर्ता भए पश्चात् क्षमता वृद्धि गरेको,

च) उद्योग लामो अवधि सम्म सञ्चालनमा रहेको,

छ) महिला, भिन्न क्षमता भएका व्यक्ति लगायतलाई रोजगारी प्रदान गरेको,

ज) वातावरण व्यवस्थापन, सरसफाइ, कामदारको सुरक्षा लगायतको अवस्था सन्तोषजनक रहेको,

४. घरेलु तथा साना उद्योग कार्यालयले देहाय बमोजिमको आधारमा उद्योगको मूल्याङ्कन गरी विशिष्ट उद्यम छनौट गर्नेछ ।

क) स्थानीय रोजगारीमा योगदान,

ख) उत्पादन क्षमता र बजार पहुँच,

ग) निरन्तर सञ्चालन,

घ) वातावरण व्यवस्थापन,

ङ) राजश्वमा योगदान,

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश, नेपाल

## अनुसूची- ३

## तालिम कार्यक्रम सञ्चालन मापदण्ड

१. **तालिमका विषयहरू:** (१) प्रदेश सरकारको नीति, स्वीकृत वार्षिक कार्यक्रम एवम् वजेटको परिधि भित्र रही कार्यालयले देहाय वमोजिमका तालिम सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(क) **उद्यमशीलता विकास तालिमः** यो तालिम सात देखि १० कार्य दिनसम्म सञ्चालन गर्न सकिनेछ । यो तालिम व्यवसाय स्थापना तथा सञ्चालनका लागि आवश्यक उत्प्रेरणा तथा व्यावसायिक ज्ञान प्रदान गर्ने उद्देश्यले सञ्चालन गरिन्छ ।यस तालिममा सहभागीहरूको आवश्यकता अनुसार व्यवसायिक योजना तर्जुमा, लागत निर्धारण, बजारीकरण, लेखापालन, सङ्गठन तथा व्यवस्थापन, वित्तीय साक्षरता लगायतका विषयवस्तु समावेश गरी सैद्धान्तिक रूपमा व्यवसायिक अभिमुखीकरण गराइनेछ। यो तालिम जुनसुकै किसिमको आधारभूत तालिम लिन चाहने सबै सहभागीहरूले उक्त तालिम लिनुपूर्व अनिवार्य रूपमा लिनु पर्दछ ।

(ख) **उद्यम विकास तथा रोजगार तालिमः** कार्यालयले छनौट गरेको विषयमा आधारभूत सीप विकास तालिम लिन चाहने सहभागीहरूका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ । तालिमको प्रकृति अनुसार आधारभूत सीप विकास तालिमको अवधि साठी कार्य दिन सम्मको हुनेछ ।कुनै पनि सीप नभएका वा नयाँ सीप सिक्न चाहने व्यक्तिहरूका लागि यो तालिम कार्यक्रम सञ्चालन गरिनेछ। आधारभूत सीप विकास तालिम लिएर उद्यम सञ्चालन गरिरहेका वा सीपको स्तरोन्नति गर्न चाहनेहरूका लागि समेत यस कार्यक्रम अन्तर्गत सीप अभिवृद्धि तालिम सञ्चालन गर्न सकिनेछ । सीप अभिवृद्धि तालिममा सम्बन्धित विषयको आधारभूत सीप विकास तालिम नलिएका व्यक्तिहरूलाई संलग्न गराइने छैन । तालिमको प्रकृति अनुसार सीप अभिवृद्धि तालिम नब्बे दिन सम्मको हुनेछ ।

(ग) **युवा उद्यमशीलता तथा औद्योगिक जनशक्ति विकास तालिमः** यो कार्यक्रमको लक्षित वर्ग युवा वर्ग भएकाले नेपाल सरकारले युवा भनेर तोकेको १६ देखि ४० वर्ष उमेर समूहका व्यक्तिहरू सहभागीका रूपमा छनौट गर्नुपर्दछ । कार्यालयले छनौट गरेको विषयमा आधारभूत (Basic) सीप विकास तालिम लिन चाहने सहभागीहरूका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ । तालिमको प्रकृति अनुसार आधारभूत सीप विकास तालिमको अवधि साठी कार्य दिन सम्मको हुनेछ ।कुनै पनि सीप नभएका वा नयाँ सीप सिक्न चाहने व्यक्तिहरूका लागि यो तालिम कार्यक्रम सञ्चालन गरिनेछ । आधारभूत सीप विकास तालिम लिएर उद्यम सञ्चालन गरिरहेका वा सीपको स्तरोन्नति गर्न चाहनेहरूका समेत लागि यस कार्यक्रम अन्तर्गत सीप अभिवृद्धि (Advanced or Skill Up) तालिम सञ्चालन गर्न सकिनेछ । सीप अभिवृद्धि तालिममा सम्बन्धित विषयको आधारभूत सीप विकास तालिम नलिएका व्यक्तिहरूलाई संलग्न गराइने छैन । तालिमको प्रकृति अनुसार सीप अभिवृद्धि तालिम नब्बे दिन सम्मको हुनेछ ।

(घ) **भिन्न क्षमता भएका व्यक्तिहरूका लागि सीप विकास तालिमः** यो कार्यक्रमका लागि मान्यता प्राप्त संस्थाबाट भिन्न क्षमता भएको व्यक्ति भनी पहिचान भएको व्यक्ति सहभागीका रूपमा छनौट गर्नुपर्दछ। कार्यालयले छनौट गरेको विषयमा आधारभूत सीप विकास तालिम लिन चाहने सहभागीहरूका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ । तालिमको प्रकृति अनुसार आधारभूत सीप विकास तालिमको अवधि पन्ध्र देखि साठी कार्य दिन सम्मको हुनेछ ।कुनै पनि सीप नभएका वा नयाँ सीप सिक्न चाहने व्यक्तिहरूका लागि यो तालिम कार्यक्रम सञ्चालन गरिनेछ । आधारभूत सीप विकास तालिम लिएर उद्यम सञ्चालन गरिरहेका वा सीपको स्तरोन्नति गर्न चाहनेहरूका लागि समेत यस कार्यक्रम अन्तर्गत सीप अभिवृद्धि तालिम सञ्चालन गर्न सकिनेछ । सीप अभिवृद्धि तालिममा सम्बन्धित विषयको आधारभूत

राम प्रसाद महतो
मन्त्री

सीप विकास तालिम नलिएका व्यक्तिहरूलाई संलग्न गराइने छैन । तालिमको प्रकृति अनुसार सीप अभिवृद्धि तालिम नब्बे दिन सम्मको हुनेछ ।

(ङ) **उद्यम प्रवर्द्धन तालिमः** दर्ता भइ सकेका तर दर्ता भएको उद्यमसँग सम्बन्धित तालिमको अवसर प्राप्त नगरेका उद्यमीसँग भएको क्षमता, उद्यमको अवस्था, उद्यम सुधार तथा विस्तार गर्नका लागि यो तालिम प्रदान गरिन्छ । तालिमको प्रकृति अनुसार यो तालिमको अवधि पैंतालिस दिन सम्मको हुन्छ । कुनै पनि उद्यमसँग सम्वद्ध नभएका व्यक्तिहरूलाई यो तालिम प्रदान गरिने छैन । स्थानीय मागको आधारमा कार्यालयले छनौट गरेको विषयमा यो तालिम कार्यक्रम सञ्चालन गरिनेछ । यो तालिम प्रदान गर्नु अघि सहभागीहरूको आवश्यकतानुसार उद्यमशीलता विकास तालिम अन्तर्गतको लागत निर्धारण, बजारीकरण र लेखापालन सम्बन्धी तीन (३) दिने तालिम प्रदान गर्न सकिनेछ ।

(च) **स्थापन्न उद्यमीहरूका लागि स्तरोन्नति तालिमः** स्थानीयस्तरमा स्थापित एवं विद्यमान उद्यमीको स्तरोन्नती गर्न र उनीसँग भएको क्षमता, उद्यमको अवस्था, उद्यम सुधार तथा विस्तार गर्नका लागि यो तालिम प्रदान गरिन्छ । सञ्चालन गरिरहेको उद्यमको स्तरोन्नति गर्न चाहने, पुँजी विस्तार गर्न चाहने, उत्पादनको विविधिकरण गर्न चाहने, व्यवसायिक वातावरणमा आएको नयाँ प्रवृत्ति प्रति सजग भइ व्यवसायको विस्तार गर्न चाहने उद्यमीहरू यस कार्यक्रमका सम्भावित सहभागीहरू हुन् । सहभागीको छनौट गर्दा यी विषयहरूमा ध्यान दिइनेछ। कुनै पनि उद्यमसँग सम्वद्ध नभएका व्यक्तिहरूलाई यो तालिम प्रदान गरिने छैन । स्थानीय मागको आधारमा कार्यालयले छनौट गरेको विषयमा यो तालिम कार्यक्रम सञ्चालन गरिनेछ । उद्यमीहरूलाई उद्यम विशेष तालिमको लागि प्रशिक्षकको रूपमा विकास गर्न प्रशिक्षक प्रशिक्षण (ToT) को रूपमा समेत यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ । यो तालिम प्रदान गर्नु अघि सहभागीहरूको आवश्यकतानुसार उद्यमशीलता विकास तालिम अन्तर्गतको लागत निर्धारण, बजारीकरण र लेखापालन सम्बन्धी तीन (३) दिने तालिम प्रदान गर्न सकिनेछ ।

(२) मन्त्रालयले बजारको माग, नवीनतम प्रवृत्ति, सरकारी नीति कार्यान्वयनमा सघाउ पुर्याउने किसिमका तालिम कार्यक्रमहरू निर्धारण गर्न सक्छ । यस्ता कार्यक्रमहरू एक हप्ता भन्दा कम अवधिका हुन्छन्। यस्ता कार्यक्रमहरूमा लेबलिङ, प्याकेजिङ, ब्राण्डिङ, व्यवस्थापन, लेखा व्यवस्थापन, औद्योगिक सम्पत्ति सिर्जना तथा सुरक्षा, कर्मचारी क्षमता अभिवृद्धि, नेतृत्व विकास लगायतका विषयका तालिम कार्यक्रम पर्दछन् ।

(३) माथि (१) मा उल्लेख नभएका तर कार्यालयले वार्षिक कार्यक्रममा समावेश गरेको तालिम उपदफा (१) को बुँदा (क) बाहेकको कुनै एक कार्यक्रम अनुरूप हुने गरी कार्यक्रम स्वीकृत गराइ सञ्चालन गर्न सकिनेछ।

२. <u>तालिम कार्यक्रमको लक्षित समूहः</u> कार्यालयवाट सञ्चालन हुने कार्यक्रमको लागि देहायानुसारका लक्षित समूहहरू हुनेछन्:-

(क) गरीब, आर्थिक रूपले विपन्न, दलित, जनजाति, आदिवासी, महिला, मधेशी एवम् सीमान्तकृत पिछडिएका अल्पसङ्ख्यक व्यक्तिहरू,

(ख) विपद् वा कुनै महामारी रोगका कारण रोजगारी गुमाएका व्यक्तिहरू,

(ग) अपाङ्ग, शहिद परिवार, द्वन्द्व पीडित व्यक्तिहरू,

(घ) उद्यम गर्न तत्पर तथा विपन्न वेरोजगार व्यक्तिहरू,

(ङ) उद्यमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न चाहने लघु, घरेलु तथा साना उद्यमीहरू,

(च) परम्परागतरूपमा रहेको सीपलाई आधुनिक प्रविधिमैत्री वनाई व्यावसायिक दक्षता अभिवृद्धि गराउन चाहने व्यक्तिहरू,

(छ) वैदेशिक रोजगारीवाट फर्केका युवा जनशक्तिहरू ।

राम प्रसाद महतो
मन्त्री

३. <u>तालिम कार्यक्रमको आवश्यकता पहिचानः</u> (१) यस कार्यविधि बमोजिमका तालिम कार्यक्रमको आवश्यकता पहिचान गर्न मन्त्रालयले देहायका माध्यम प्रयोग गर्न सक्नेछः-

(क) कार्यालय आफैले गरेको सर्वेक्षण तथा स्थलगत अध्ययन,

(ख) सरकारी निकाय, गैह्र सरकारी तथा निजी संघसंस्थाहरू तथा वस्तुगत महासंघ वा उद्योग प्रतिष्ठानवाट भएका सर्वेक्षण अध्ययन, माग तथा सिफारिसमा उल्लेखित तालिम,

(ग) कार्यालय वा अन्य निकायहरुले विगतमा सञ्चालन गरेको तालिम कार्यक्रमहरुमा आवेदकहरुमा देखीएको रुचि र उपस्थिति,

(घ) स्वेदश तथा वैदेशिक वजारको मागमा आधारित तालिम,

(ङ) सरकारी नीतिवाट रोजगारी श्रृजना हुन सक्ने क्षेत्रगत आधार

(च) बिनियोजित बजेट

४. <u>तालिमको विषय छनौटः</u> तालिम कार्यक्रम विषय छनौट गर्दा देहायका आधारलाई ध्यान दिनु पर्नेछः-

(क) स्थानीयस्तरमा सञ्चालित लघुँ, घरेलु तथा साना उद्योग स्थापना तथा प्रवर्द्धनमा सघाउ पुर्याउने विषय,

(ख) स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थ, परम्परागत सीप प्रविधिको व्यावसायिक उपयोग हुने विषय,

(ग) स्वदेशी तथा वैदेशिक रोजगारीको दृष्टिकोणले उपयोगी देखिएका विषय,

(घ) रोजगारी प्रासि तथा स्वरोजगारीको अवसर सृजना गर्न सक्ने सम्भावन देखिएका विषय,

(ङ) रोजगारीको सुनिश्चितता सहित सरकारी तथा गैरसरकारी निकाय तथा उद्योग प्रतिष्ठानवाट माग एवं सिफारिस भएका विषय,

(च) निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्न सघाउ पुर्याउने विषय,

(छ) प्रशिक्षण प्रदान गर्न आवश्यक पूर्वाधार, जनशक्ति तथा व्यवस्थापकीय विषय,

(ज) विभिन्न सर्वेक्षण तथा अध्ययनले सिफारिस गरेका विषय,

(झ) प्रदेश सरकारले तोकेका वा स्वीकृत गरेका विषय,

(ञ) स्थानीय तहवाट माग भई आएको र आवश्यक पर्ने विषय,

(ट) स्थानीय उत्पादनहरूको प्रशोधन मूल्य अभिवृद्धि सम्वन्धी विषय,र

(ठ) प्रदेश सरकारको नीति तथा कार्यक्रममा परेको विषय,

५. <u>तालिमका सहभागी सङ्ख्या निर्धारण र समूह निर्माणः</u>(१) तालिम कार्यक्रम सञ्चालनका लागि कार्यालयले सहभागीको सङख्या र समूह निर्धारण गर्दा उपलब्ध श्रोत साधन, मेशिन औजार, कच्चापदार्थ, लक्षित समूह, भौगोलिक अवस्था, प्रशिक्षकको उपलब्धता, तालिमको व्यवस्थापनमा सहजता लगायतका पक्षालाई विचार गरी निर्धारण गर्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिम सङख्या निर्धारण गर्दा सामान्यतया सैद्धान्तिक विषयमा सहभागी र प्रशिक्षकको सङ्ख्या १५:१ र प्रयोगात्मक विषयमा १०:१ रहने गरी तालिमको समूह निर्माण गर्नुपर्नेछ।

तर प्रयोगात्मक विषयमा १५ जना भन्दा बढी सहभागी रहने गरी एउटै समूह निर्माण गरेर तालिम सञ्चालन गर्नुपर्ने अवस्था आएमा थप एकजना सहायक प्रशिक्षकको व्यवस्था गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

राम प्रसाद महतो
मन्त्री

६. <u>सहभागीमा हुनुपर्ने आवश्यक योग्यताः</u> (१) तालिम कार्यक्रममा सहभागी हुने सहभागीको देहाय बमोजिम योग्यता हुनुपर्नेछः-

(क) नेपाली नागरिक,

(ख) १८ वर्ष पुरा भएको, र

(ग) कार्यालयले तोकेको विषयगत योग्यता र अनुभव भएको ।

(२) सीप अभिवृद्धि तालिम (एड्भान्स तालिम) मा सहभागी हुन चाहने व्यक्तिले सम्बन्धित विषयको आधारभूत तालिम सम्पन्न गरेको वा सम्बन्धित विषयको उद्यम सञ्चालनमा संलग्न रहेको हुनुपर्नेछ।

७. <u>सहभागी छनौट प्रक्रियाः</u> (१) कार्यालयले तयार गरेको तालिम कार्यक्रमको आवश्यकता पहिचान समेतका आधारमा छनौट गरेको तालिमको विषयमा आवश्यक सहभागी छनौट गर्नुपर्नेछ ।तालिम कार्यक्रमका लागि सहभागी छनौट गर्दा देहायको प्रक्रिया अपनाउन सकिनेछ ।

(क) सैद्धान्तिक विषयमा कम्तिमा १५ जना र प्रयोगात्मक विषयमा कम्तिमा १० जनाको समूह बनाइ तालिमको विषय सहित निवेदन दिएमा, त्यस्तो समूहका सदस्यहरूलाई तालिमको सहभागीको रूपमा छनौट गर्न सकिनेछ।

(ख) सीप विकास, रोजगारी सिर्जना, उद्यम तथा स्वरोजगार सम्बन्धी कार्य गर्ने उद्देश्य राखी सञ्चालनमा रहेको कुनै पनि सरकारी (स्थानीय तह समेत), गैह्र सरकारी वा निजी संस्थाले खण्ड (क) बमोजिमको सहभागी सङ्ख्या हुने गरी सिफारिस गरेका व्यक्तिहरूलाई सहभागीको रूपमा छनौट गर्न सकिनेछ ।

(ग) खण्ड (क) बमोजिमको सहभागी सङ्ख्या हुने गरी कार्यालय आफैंले स्थलगत रूपमा सहभागी छनौट गर्न सक्नेछ ।

८. **तालिम सञ्चालन प्रक्रियाः** १) दफा ७ बमोजिम सहभागी छनौट हुने गरी कार्यालयले तालिम सञ्चालन गर्नेछ।
(२) कार्यालय आफैंले सञ्चालन गर्न सम्भव नभएमा सरकारी (स्थानीय तह समेत), गैह्र सरकारी (उद्योग सम्बन्धी विषयगत छाता संगठन समेत) वा निजी संस्थासँगको सहकार्यमा लागत साझेदारी गरी वा नगरी तालिम सञ्चालन गर्न सक्नेछ ।

९. **प्रशिक्षकको योग्यता र स्तरः** (१) तालिम कार्यक्रमका प्रशिक्षक र सहायक प्रशिक्षकको योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।

<u>सैद्धान्तिक र औद्योगिक सीप सम्बन्धी प्रयोगात्मक प्रशिक्षकको हकमाः</u>

(क) प्रशिक्षक : सम्वन्धित विषयमा मान्यता प्राप्त संस्था/विश्वविधालयवाट स्नातक उत्तीर्ण गरी शिक्षण प्रशिक्षणको तालिम लिएको र कम्तिमा ५ वर्ष कार्य अनुभव भएको वा सम्वन्धित विषयमा सीप तह-३ उत्तीर्ण गरी ५ वर्षको कार्यानुभव भएको ।

(ख) सहायक प्रशिक्षक : सम्वन्धित विषयमा मान्यता प्राप्त संस्था/विश्वविधालयवाट प्रमाणपत्र डिप्लोमा तह उत्तिर्ण गरी शिक्षण प्रशिक्षणको तालिम लिएको वा सम्वन्धित विषयमा सीप तह-३ उत्तीर्ण भएको वा प्राविधिक एस.एल.सी./एस.इ.इ. वा सीप तह-२ उत्तीर्ण गरी ३ वर्षको कार्यानुभव भएको ।

(२) सम्बन्धित कार्यालयले सूचना जारी गरी उपदफा (१) बमोजिमको प्रशिक्षक र सहयक प्रशिक्षक आव्हान गर्दा उल्लिखित प्रशिक्षक उपलब्ध नभएको खण्डमा कुनै तालिम प्रदायक निकायबाट प्रशिक्षणको प्रमाणपत्र प्राप्त गरेको प्रशिक्षक नियुक्त गर्न बाधा पर्ने छैन।

राम प्रसाद ... मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

<u>परम्परागत सीप सम्बन्धी प्रयोगात्मक प्रशिक्षकको हकमाः</u>

क) प्रशिक्षकः सम्बन्धित परम्परागत सीप सम्बन्धी निरन्तर ५ वर्ष देखि काम गरिरहेको सम्बन्धित वडा कार्यालय वा सम्वन्धित घरेलु तथा साना उद्योग कार्यालयबाट सिफारिस भएको, शिक्षण प्रशिक्षणको तालिम लिएको।

ख) सहायक प्रशिक्षकः सम्बन्धित परम्परागत सीप सम्बन्धी निरन्तर २ वर्ष देखि काम गरिरहेको सम्बन्धित वडा कार्यालय वा सम्वन्धित घरेलु तथा साना उद्योग कार्यालयबाट सिफारिस भएको, शिक्षण प्रशिक्षणको तालिम लिएको ।

राम प्रसाद महतो
मन्त्री